पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि

www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३९ | २०७३ जेठ ७ गते शुक्रबार (May 20 , 2016) | मूल्य रू. १०/-


## वर्तमान अवस्थाप्रति पूर्वराजा चिन्तित



काठमाडौं । पूर्वराजले ज्ञानेन्द्र शाहले १५ वर्षपछि नुवाकोटको प्रसिद्ध भैरवी मन्दिरमा पूजा गरेका छन् । पूर्वराजा पृथ्वीराजमार्गको गल्छी हुँदै परिवारसहित नुवाकोट पुगी त्यहाँका विभिन्न मन्दिरमा दर्शन तथा पूजापाठ गरेका छन् ।

पूर्वराजा शाहले पाँच सय वर्ष पुरानो भैरवी मन्दिरलगायत तीन मन्दिरमा पूजापाठ गरेका थिए । मन्दिर पुग्नेक्रममा पैदल यात्रामा उनले स्थानीय जनतासँग कुराकानी समेत गरेका थिए । भैरवी मन्दिरमाउनले आधा (बाँकी अन्तिम पेजमा)

# असफल भएको हो त संविधान ?

काठमाडौं । मधेसहुँदै सिंहदरवारको ढोकामा लागेको हामी संविधान मान्दैनौं भन्ने नारा प्रधानमन्त्री निवास सामुन्ने पनि घन्कयो । देशको आधाभन्दा बढी जनसंख्याले संविधान मान्दैनौं भनेपछि यो संविधान कार्यान्वयन हुन्छ भनेर विश्वास गर्ने आधार सकियो । संविधानविद भिमार्जुन आचार्यले समेत भनेका छन्- समस्या संकट





बनेर सामुन्ने आइसक्यो । यो संविधानका प्रत्येक धारामा खोट छ । यसलाई सच्याएर अव सच्चिने र कार्यान्वयन हुनसक्ने सीमा सकियो ।

यही कुरालाई आन्दोलित मधेसी मोर्चासहितको २९ दलीय संघीय गठबन्धनले भनेको छ- हामी संविधान मान्दैनौं । यसैवीच नेपाली कांग्रेसकी निर्वाचित कोषाध्यक्ष सीतादेवी यादवको ताजा अभिव्यक्ति सार्वजनिक भएको छ- झापा, सुनसरी, कैलालीसहितको मधेस दुई प्रदेश हुनैपर्छ । अर्थात नेपाली कांग्रेस संघीय गठबन्धनको मागको निकट पुगेको छ । नेपाली कांग्रेसको निर्देशनबिना सीतादेवी यादवले यसो भन्ने थिइनन् । यसैवीच कांग्रेसकै महामन्त्री (बाँकी अन्तिम पेजमा)

## सरकारले पानी जहाज चलाउने रे !

काठमाडौं । जनता सोझा भएरै होला, नेताहरू पत्याउनै नसकिने गफ हाँकेर जनताको आँखामा छारो हालिरहेका छन् । लोकतन्त्रको मजाक उडाइरहेका छन् । राजनीतिक सहमति कायम गरेर संविधान कार्यान्वयन गर्नुपर्ने नेताहरू द्वन्द्व बढाएर संविधान असफल पारिरहेका मात्र छैनन्, आफूले आफैलाई गफाडीको दर्जामा समेत दर्ता गरिरहेका छन् ।

यस्तै नयाँ गफ हाँकेका छन् प्रधानमन्त्रीले । आमजनतालाई चुलोमै ग्यासका पाइप, लोडसेडिङ मुक्त पार्न हावाबाट विजुली, (बाँकी अन्तिम पेजमा)

## पुग्ला त भ्यागुताको धार्नी

**अभियान संवाददाता**

काठमाडौं । सत्ताको लोभमा विभिन्न टुक्रामा विभाजित भएको पूर्वपञ्चहरूको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेताहरू फेरि एकै ठाउँमा बस्नुपर्ने भन्दै त्यसका लागि पहल सुरु भएको छ । सरकारमा सहभागी राप्रपा नेपाल र राप्रपालगायतका केही नेताहरूले आफूहरू कहिल्यै पनि गणतन्त्रवादी हुन नसक्ने बताउन थालेका छन् । उनीहरूका अनुसार गणतन्त्र धर्मनिरपेक्षता र संघीयताका विषयमा नयाँ संविधानमा असहमति राखेर आफूहरू सरकारमा सहभागी भएको स्पष्ट पारेका थिए ।

हिन्दूधर्म, राजतन्त्र र स्वायत्त शासनका मुद्दालाई बटम लाइन बनाएर पार्टी एकीकरणमा जानुपर्ने उनीहरूको भनाई रहेको छ । एकीकृत राप्रपा निर्माण अभियानले राजधानीमा हालै आयोजना गरेको कार्यक्रममा बोल्दै राप्रपाका वरिष्ठ नेता डा.प्रकाशचन्द्र लोहनीले हिन्दूधर्म आजको अपरिहार्य आवश्यकता रहेको बताउँदै राप्रपाभित्र र बाहिर यस्तो विचारलाई प्रतिनिधित्व गर्नेहरूबीच एकता महाधिवेशन गरेर टुंगोमा पुर्‍याउनु पर्ने उनको भनाई थियो । विगतमा गणतन्त्र स्वीकार गरेका लोहनीले भने कांग्रेस र एमालेले चालमा

(बाँकी अन्तिम पेजमा)

## पर्दापछाडिबाट सरकार गिराउने खेल

**अभियान संवाददाता**

काठमाडौं । मधेसवादी दलहरूले राजधानी केन्द्रित आन्दोलन गर्न थालेपछि सत्ता साझेदार दल एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले सिंहदरबार घेराउमा उक्साहट भएको भन्दै आफ्ना कार्यकर्ताहरूलाई सहभागी नहनु निर्देशन दिएका थिए । तर, दाहालको निर्देशनलाई उल्लंघन गर्दै एमाओवादीका नेता तथा कार्यकर्ता सिंदरबार घेराउ कार्यक्रममा सहभागी भएका थिए । दाहालको दिर्नेशन अवज्ञा गर्दै नेता तथा कार्यकर्ताहरू नै आन्दोलनमा सहभागी भएपछि त्यस्ता नेता र कार्यकर्तालाई कारबाही गर्ने धम्की दाहालले दिएपनि उनीहरूलाई



आफ्ना अध्यक्षको अनुरोध स्वीकार गर्ने पक्षमा नदेखिएपछि दाहाल नै पर्दा पछाडि बसेर सरकार ढाल्ने पक्षमा रहेको एक नेताले बताएका छन् ।

दाहालले आफ्नो पार्टीको केन्द्रिय समितिको बैठकमा भने आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरू आन्दोलनमा सहभागी भए उनीहरूलाई कारबाही गर्ने चेतावनी समेत दिंदै भने यो आन्दोलनमा पूर्वराजावादीहरूको उक्साहट छ । आन्दोलनलाई उत्तेजित बनाएर भड्काउन खोजिएको छ, त्यसैकारण हाम्रो सहभागिता रहँदैन भने पनि केन्द्रिय समितिकै बैठकमा केही नेताहरूले दाहाललाई भने (बाँकी अन्तिम पेजमा)

## सहयोग रोक्ने विश्व बैंकको चेतावनी

काठमाडौं । सम्झौताविपरीत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विकास परियोजनाका कर्मचारी सरूवा गरेपछि विश्व बैंकले आपत्ति जनाएको छ । विश्व बैंकले सहयोग रोक्नेसम्मको चेतावनी दिएको बुझिएको छ ।

मन्त्रालयले विश्व बैंकद्वारा सञ्चालित डोलिडारअन्तर्गत रहेको प्रोजेक्ट फर स्ट्रेङ्थनिङ नेसनल रूरल ट्रान्सपोर्ट प्रोग्राम (पिएसएनआरटिपी) मा कार्यरत इन्जिनियरको धमाधम सरूवा गरेपछि विश्व बैंकले आपत्ति जनाएको हो । परियोजनाको सम्झौताअघि परियोजनामा खटिने महत्वपूर्ण कर्मचारीलाई परियोजना अवधिभर सरूवा नगर्ने लिखित सम्झौता भए पनि मन्त्रालयले सम्झौता तोडेको छ ।

मन्त्रालयले प्रोजेक्ट कोअर्डिनेटर रहेका इन्जिनियर अशोक झालाई मन्त्रालय तानेको छ भने त्यहाँ कृष्णबहादुर कटुवाललाई पठाएको छ । संघीय मामिला तथा स्थानीय विकासमन्त्री कमल थापाको ठाडो निर्देशनमा त्यस्तो सङ्गरूवा गरिएको दाबी गरिएको छ । आर्थिक चलखेलका आधारमा मन्त्री थापाले झालाई हटाएर कटुवाललाई प्रोजेक्ट कोअर्डिनेटर बनाएको आरोप मन्त्रालयका (बाँकी अन्तिम पेजमा)

## बौद्ध सम्मेलनमा १० करोड स्वाहा

काठमाडौं । ६ र ७ गते काठमाडौंमा विश्व बौद्ध सम्मेलनमा चीनले बुद्धिष्ट एसोसियनका उपाध्यक्षमात्र पठायो भने जति अग्ला व्यक्तित्व, राष्ट्राध्यक्ष, सरकार प्रमुखलाई निम्त्याएको थियो, कोही पनि आएको देखिदैन । यहीकारणले विश्व वौद्ध सम्मेलन फिक्का हुनपुगेको छ भने भोली जेठ ८ गते लुम्बिनीमा मनाइने बुद्ध जयन्तीसमेत भव्य हुननसक्ने बौद्धज्ञानीहरूले बताएका छन् ।

खासगरी नेपालले चीनका राष्ट्रपति, भारतका प्रधानमन्त्री, राष्ट्रसंघका महासचिवलाई विशेष निम्तो पठाएको थियो । यी कुनै पनि व्यक्तित्वहरू बौद्ध सम्मेलन र लुम्बिनीमा उपस्थित नहुने भएका छन् ।

यसमा दोषी छ सरकार । सरकारले लुम्बिनी विकास कोषमा पार्टीको भागबण्डामा कोषका पदाधिकारी नियुक्ती गरेर जागीर दिइरहेको छ । महासचिव छन् एमाओवादी । कोषभित्रै व्यापक भ्रष्टाचार भइरहेको छ । कोषका पदाधिकारीवीच एकताभाव छैन । यसमाथि शिद्धार्थ फाउण्डेशनका अध्यक्ष शिद्धार्थ गौतम भन्ने व्यक्तिले वक्तव्य निकालेर कुनै पनि देशका सरकार, राष्ट्रप्रमुख आउनु हुन्न भनेर सबै दूतावासहरूमा लविङ गरेका छन् । लुम्बिनीमा सुरक्षा छैन, स्थानीयवासीहरूलाई बेवास्ता गरिएकाले संशय छ भन्ने गौतमको दावी रहेको छ । जसका कारण सशंकित हुनुपर्ने अवस्था जन्मियो ।

सरकारले सुरक्षा व्यवस्था चुस्त पारिएको विश्वस्त वातावरण दिन सकेन । सरकार र विभिन्न निकायबाट अहिलेसम्म १० करोड निकासा भइसकेको छ । त्यो रकमको व्यापक अनियमितता भएको दावी (बाँकी अन्तिम पेजमा)




पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# सबै मुद्दाको छिनोफानो जनमत संग्रहबाटै गरौं

*संविधान निर्माणकै क्रममा केही मधेसवादी दलहरु संविधानसभा छाडेर आन्दोलनमा गएका थिए । उनीहरु आन्दोलनमै रहेका बेला २०७२ असोज ३ गते नयाँ संविधान जारी भयो । त्यही बेला मधेस आन्दोलनलाई देखाएर दक्षिणी छिमेकी मुलुक भारतले नेपालमाथि अघोषित नाकाबन्दी समेत लगायो । भारतले लगाएको अघोषित नाकाबन्दीका मारमा परेका भूकम्पपीडित जनताले अहिलेसम्म उचित राहत पाउन सकेका छैनन् । केपी ओली नेतृत्वको सरकारले भूकम्पपीडितलाई भन्दा नाकाबन्दी खोल्ने कार्यलाई पहिलो प्राथमिकतामा राखेर आफ्नो कार्य अघि बढाएको हुनाले २०७२ माघ २२ गते अघोषित रुपमै नाकान्दी फिर्ता भएपनि अहिलेसम्म जनताले सहज रुपमा इन्धनलगायत ग्यास पाउन सकेका छैनन् । आखिरी किन ? सत्ताधारी दलका नेताहरु र सरकारका प्रधानमन्त्रीसहित मन्त्रीहरुले नेपालको संविधान विश्वकै उत्कृष्ट रहेको बताएपनि त्यसलाई अहिलेकै अवस्थामा पत्याइहाल्ने अवस्था देखिएको छैन । संविधानसभाले उत्कृष्ट संविधान जारी गरेकै एक हप्ताभित्रमा संविधान संशोधनको प्रस्ताव ब्यवस्थापिका संसदमा दर्ता गराइयो र २०७२ माघ ८ गते संविधान संशोधन गरियो । संविधान जारी भएको एकहप्ता नपुग्दै संविधान संशोधनको प्रस्ताव ब्यवस्थापिका संसदमा दर्ता गरिनु र संविधान समेत संशोधन समेत गरिनुले प्रमाणित हुन्छ संविधान निर्माणमा कहीं न कहीं त्रुटी भएकै हो ।*

*केही मधेसवादी दलहरुले पाँच महिना लामो आन्दोलन गरेर देशको अर्थतन्त्रमा ठूलो अवरोध सिर्जना गरेका थिए । भारतीय नाकाबन्दी र २०७२ वैशाख १२ मा गएको भूकम्पले गर्दा ८ खर्बको क्षति भएको थियो भने मधेस आनदोलनले गर्दा झण्डै २२ खर्बको क्षति भएको सरकारी आँकडा रहेको छ । मधेसवादी दलहरुले उठाएका केही जायज मागहरु भए त्यसलाई सम्बोधन गर्ने दायित्व र कर्तब्य सरकारको हो । ओली नेतृत्वमा रहेको सरकारमा महत्वपूर्ण मन्त्रालय लिएर सहभागी भएको एमाओवादीले आन्दोलनलाई सम्बोधन गर्न दाबब दिनुको बदला एमाओवादी नेतृत्व सरकारको नेतृत्व लिन आन्दोलनकारीलाई उक्साइरहेको छ । एमाओवादीका नेताहरुले सम्हालेका मन्त्रालयहरु विवादको घेरामा तानिएका छन् । ओलीले संयुक्त सरकार भएपनि एकलौटी ढंगले मन्त्रालय सञ्चालन गरेर संयुक्त सरकारको संस्कृतिलाई वेवास्ता गरिएको हुनाले पनि ओली नेतृत्वको सरकारमाथि प्रश्न उठ्न थालेको छ । मन्त्रीहरुले सरुवा, बढुवा र नियुक्तीमा राम्रा भन्दा पनि हाम्रा मान्छे भन्ने पद्दती विकास गरेरको हुनाले त्यसको चौतर्फी विरोध भएको छ । त्यसैले भन्न सकिन्छ ओलीमा संयुक्त सरकार सञ्चानल गर्ने क्षमता नै देखिएन । उनी जसरी भएपनि सत्तामा टिकिरहने भित्री उद्देश्यका साथ अघि बढेका हुनाले मुलुक थप संकटमा परेको छ ।*

*मधेसवादी दलहरुले केका लागि आन्दोलन गरेका हुन्, उनीहरुका माग के-के हुन् । उनीहरुले बुझिने गरी दुईवटा कुरा उठाएका छन् । संविधान पक्षीय ठूला दलहरुले उनीहरुको सहमतिमा संविधानमा ब्यवस्था गरिएको सात प्रदेशको निर्णयलाई संशोधन गरिनु पर्छ । दोस्रो पहाड, हिमाल, तराईमा नागरिकताबाट कसैलाई वञ्चित गरिनु हुँदैन । मधेसवादी गठबन्धनमा रहेका दलहरु कुनै निश्चित मागका लागि फरक फरक मान्यता बोकेका शक्तिहरु एक ठाउँमा आउनु अस्वभाविक होइन, तर संघीय गठबन्धनका लागि त्यहाँ रहेका शक्तिहरु कति इमान्दार छन्, त्यो हेर्न बाँकी रहेको छ । सबै नेपालीले नागरिकता पाउनै पर्छ, तर नागरिकता दिने प्रक्रिया सहज छैन भनेर अहिले कसैले प्रश्न उठाउन सक्दैनन्, संविधान जारी भएपश्चात अंगीकृत नागरिकता लिनेहरुको संख्या झण्डै ५ हजार पुगेको छ । गलत ढंगले नागरिकता लिए त्यसलाई कानुनी कारबाही गरिनुपर्छ भन्नेमा सबै दलहरु सहमति हुनैपर्छ । चाहे ति मधेसवादी हुन्, चाहे अरु ।*

*सात प्रदेशको सट्टा कति प्रदेश हुने, संघीयता, संघीय प्रान्तको संख्या केका आधारमा तोक्ने । यसबारे मधेसी मोर्चा स्पष्ट हुनु जरुरी छ । किनकी संघीयतामा जाने निर्णय स्वयं नै सुसूचित बहस र जनसहभागितामा गएर जनताको चाहना अनुसार भएको होइन । पहिलो संविधानसभाले बलजफ्ती मुलुकलाई संघीयतामा लागेको हो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारले पहिलो संविधानसभाको निर्वाचन गर्नका लागि मुलुकलाई संघीयतामा लागेको हो, त्यो जनताको चाहना र भावना अनुसार थिएन । त्यसैले अब पहाड, हिमाल र तराईका जनताबीचमा यो मुद्दा लगेर समाधान खोजिनु आवश्यक देखिन्छ । जनताको भावना बुझ्न सरकार र गठबन्धनलाई के आपत्ति ? त्यसैले अब ढिलो नगरी गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका बारेमा जनताको राय लिनका लागि जनमत संग्रहको घोषणा गरेर जतिसक्दो छिटो त्यसको छिनोफानो गरी मुलुकलाई राजनीतक निकास दिन सबै दलहरु एकै ठाउँमा उभिन हामी जोडदार माग गर्दछौं । यदि त्यसो नभएमा मुलुक फेरी अर्को द्वन्द्वमा फस्दैन भन्ने कसले भन्न सक्छ ?*

# पुरा होला त ओलीको उद्घोष ?

देवेन्द्र चुडाल

केपी ओली नेतृत्वको सरकारले आफ्नो नेतृत्वमा पहिलो बजेट ल्याउने तयारी गरिरहेको छ । बजेटपछि सरकारको नेतृत्व परिवर्तन हुने सम्भावनाका कारण ओली सरकार लोकप्रिय थियो भन्ने जनतामा पार्न लोकप्रिय बजेट ल्याउने तयारी गरिरहेको छ । सरकारले ल्याउन लागेको बजेट वितरणमूखी हुने र प्रायः असम्भव कुराहरू बजेटमा राखेर ल्याउन लागिएको हुनाले कहीँ कतैबाट सूचना चुहावट नहोस् भनेर गोपनियतामा समेत ध्यान दिइएको अर्थमन्त्रालय सुत्रले दाबी गरेको छ । अर्थमन्त्री र अर्थसचिवले त्यस्ता कार्यक्रमहरूका बारेमा मन्त्रलायबाहिर गएर गोप्य ठाउँमा आफूनिकट व्यक्तिहरूसँग छलफल गरिरहेका छन् । प्रधानमन्त्री केपी ओलीले समेत आफ्नो नेतृत्वको सरकारले मुलुकको कायापलट गर्ने बजेट ल्याउन लागेकाले प्रमुख प्रतिपक्षीलगायत अन्यले आफ्नो विरोध गरिरहेको बताउँदै आएका छन् ।

केपी ओली नेतृत्वको सरकारले २०७२ वैशाख १२ गते र त्यसपछि आएको भूकम्पले गर्दा पीडित भएका जनतालाई पर्याप्त राहतसम्म दिन नसकिरहेका बेला पछि आउने सरकारलाई संकटमा पार्न वितरणमूखी बजेट निर्माण गरिरहेको छ । भूकम्प पीडित जनताले यसपालीको वर्षायाममा समेत आफ्नो घरमा बस्न नपाउने सम्भावना बढेर गएको अवस्थामा हावादारी कार्यक्रम राखेर बजेट निर्माण गर्नुको कुनै औचित्य देखिँदैन । प्रधानमन्त्रीले केही महिना पहिला उद्घोष गरे, अब उपत्यकाका प्रत्येक घरहरूमा ग्यासको पाइप पुऱ्याइदिने । तर आजसम्म त्यस विषयमा कुनै काम भएको छैन । सरकारले उपत्यकाबासीलाई खानेपाली समेत पुऱ्याउन नसकेको अवस्थामा उडन्ते कुरा गरेर एक दुई वर्षभित्रैमा खाना पकाउने ग्यासको पाइप प्रत्येक घरमा पुऱ्याउने उद्घोष गर्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान मात्र हो । भूकम्पपीडित जनतालाई उपलब्ध गराउने भनिएको दुई लाख रूपैयाँ अनुदानसम्म उपत्यकाकै जनताले पाउन सकेका छैनन् । जाडोमा सरकारले न्यानो कपडाका लागि दिने भनेको १० हजार रूपैयाँसम्म सरकारले व्यवस्थित तवरले पीडितलाई वितरण गर्न सकेन् । अन्य जिल्लाहरूमा परै जाओस् काठमाडौं, ललितपुर र भक्तपुरकै जनताले १० हजार रूपैयाँआजसम्म नपाएको गुनासो गरिरहेका छन् । सरकारले ल्याएको आफ्नो नीति तथा कार्यक्रम पनि हावादारी नै रहेको छ । वेरोजगार युवायुवतीलाई शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण उपलब्ध गराउने सरकारको निर्णयलाई कुनै बैंकहरूले पनि स्वीकार गरेका छैनन् । वित्तीय संस्थाहरूका अनुसार जनताको पैसा शैक्षिक प्रमाणपत्र धितो राखेर लागनी गर्न सक्ने हैसियत कुनै बैंकहरूसँग छैन । राष्ट्रबैंकले समेत अहिलेसम्म त्यस विषयमा कुनै कार्यविधि नै बनाएको छैन । शैक्षिक प्रमाणपत्र धितो राखेर सरकारले जमानी बस्ने र साँवा-ब्याज पनि तिरिदिने ग्यारेण्टी सरकारले गरेको खण्डमा मात्र शैक्षिक ऋण दिन सक्ने वित्तीय संस्थाहरूले राष्ट्रबैंकलाई जानकारी गराएका छन् भने राष्ट्रबैंकले आजसम्म त्यस विषयमा कुनै छलफल र बहसै नचलाएको हुनाले वित्तीय संस्थाहरूलाई ऋण सम्बन्धी कुनै निर्देशन नै दिएको छैन । भूकम्पपीडितलाई सामान्य राहतसम्म दिन नसकेको सरकारले शैक्षिक प्रमाणपत्र धितो राखेर बेरोजगार युवलाई ऋण उपलब्ध गराउन सकिन्छ भन्नु फेरि अर्को लुट मात्र हो । तत्कालिन अर्थमन्त्री डा.प्रकाशचन्द्र लोहनीले २०४० सलामा समेत यस्तै घोषणा गरेका थिए, तर उनले आफ्नो घोषणा कार्यान्वयन गराउन सकेनन् । पछिल्लो समयमा झण्डै १० लाख शैक्षिक बेरोजगार युवायुवती रहेको सरकारी तथ्यांक छ । १० लाख युवायुवतीलाई शैक्षिक प्रमाणपत्र धितो राखेर के ५-१० हजार ऋण दिने ? यसरी ओली नेतृत्वको सरकारले आफू लोकप्रिय हुनका लागि र अर्को सरकारलाई दाबब परोस भन्नका लागि मात्र हावादारी कार्यक्रम घोषणा गरेको प्रष्ठ देखिएको छ । आफ्नो सरकारको आयु अर्काको हातमा रहेको सरकारले असम्भव कुराहरू राखेर हावादारी नीति तथा कार्यक्रम घोषणा गर्नु र त्यही कार्यक्रमका आधारमा बजेट ल्याउने प्रयास गर्नुले भविष्यमा अर्को आर्थिक संकट आउन सक्ने सम्भावना बढेर गएको छ ।

संविधान निर्माणकै क्रममा आफ्ना मागहरू सम्बोधन नभएको भन्दै तत्कालिन संविधानसभा छाडेर आन्दोलनमा गएका केही मधेसवादी दलहरू अहिले पनि आन्दोलनमै छन् । त्यही मधेस आन्दोलनलाई देखाएर भारतले झण्डै ६ महिनासम्म अघोषित नाकाबन्दी लगाएको थियो । त्यो नाकाबन्दीले गर्दा झण्डै २२ खर्बको क्षति भएको सरकारी



तथ्यांक छ भने भूकम्पले गर्दा ८ खर्बको क्षति भएको सरकारले स्वीकार गरेको छ । मुलुकको अर्थतन्त्रमा परेको संकटलाई कसरी समाधन गर्ने भन्दा पनि कसरी आफ्नो सरकारको आयु बढाउने र जसरी भएपनि आफू लोकप्रिय हुने उदेश्यले मात्र नीति तथा कार्यक्रम र बजेट समेत ल्याउन लागिएके हुनाले त्यसले भविष्यमा अर्को आर्थिक संकट ल्याउने सम्भावना बढेर गएको छ । अहिले पनि जनता महँगीको मारमा परेका छन् । इन्धनलगायत ग्यासको सहज व्यवस्थापन गर्न सरकार असफल भएको छ । पार्टीगत स्वार्थका लागि मात्र सरकार सञ्चालित भएको छ । सरूवा, बढुवा र नियुक्तीमा सक्षम, योग्य, इमान्दारभन्दा पार्टीका लठैतहरूलाई प्रश्रय दिइएको छ । सबैतिर कनिका छरिएझै बजेट छर्ने उद्देश्यले बजेट ल्याउन लागिएको हुनाले त्यसो नगर्न विज्ञहरूले सरकारलाई सचेत गराइसकेका भएपनि उनीहरूको भनाई सरकारले सुन्न सकेको छैन । प्रमुख प्रतिपक्षी दललाई पूर्णरूपमा वेवास्ता गरिएको छ । संसदको एउटा नियमावलीसम्म बनाउन नसक्ने सरकारले अब हिन्द महासागरमा नेपाली झण्डा फहराएर पानी जहाज कुदाउने सपना जनतालाई बाँडेको छ । जनताको ध्यान अर्कोतिर मोड्नका लागि ठूला ठूला सपनाहरू देखाउन भने ओली सरकार क्षणिक रूपमा सफल नै भएको स्वीकार गर्नै पर्छ ।

मनमोहन अधिकारी प्रधानमन्त्री भएका बेला घोषणा गरिएका केही राम्रा कार्यक्रमहरूलाई त्यसपछिका सरकारलेहरूले समेत कार्यान्वयन गरेका थिए र उनीहरूले त्यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिएका थिए । अहिले त्यस्ता कार्यक्रमहरूमा पहिलाको भन्दा दोब्बर रकम वृद्धी हुनसक्ने सम्भावना रहेको छ । सामाजिक सुरक्षामा रकम बढ्न सक्छ । समाजिक सुरक्षा भत्तामा भएका विकृतिहरूलाई हटाउन सके त्यसले फाइदा नै पुग्न सक्छ । तर एउटा गाविस सचिवले दुई/तीन गाविसको काम गर्नुपर्ने अहिलेको अवस्थामा जतिसुकै रकम बढाएपनि त्यसले प्रतिफल दिन सक्दैन । पहिला सबै गाविसहरूमा सरकारले सचिवको व्यवस्था गर्नु आवश्यक छ । आफ्ना कर्मचारीहरूलाई सही रूपमा परिचालन गर्न नसक्ने सरकारले भ्रष्टाचार कसरी रोक्न सक्छ । भूकम्पपीडितहरूका लागि जिल्लामा गएको रकममा समेत भ्रष्टाचार भएको समाचार हरू प्रकाशित भएका छन् । पुनर्निर्माण प्राधिकरणमा सरकारी उच्चतहका कर्मचारी मात्र नभएर तल्लो तहका कर्मचारीहरू समेत जान मान्दैनन्, सरकार आफैंले दरबन्दी स्वीकृत गरेको प्राधिकरणमा दरबन्दी अनुसारका कर्मचारी पठाउन नसकेको अवस्थामा ठूला ठूला कुरा गरेर जनतालाई झुक्याउनु भन्दा गर्न सक्ने कुरा मात्र गरेर ती कार्यहरू पुरा गर्नु उचित हुन्छ । सर्वोच्च अदालतले स्थानीय निकायको निर्वाचन गर्न पटक-पटक सरकारलाई परमादेश दिएपनि स्थानीय निकायको चुनाव हुन सकेको छैन । संविधानले नै राज्यको पुनर्संरचना गर्ने व्यवस्था गरेनुसार राज्य पुनर्संरचना आयोग सरकारले गठन गरिसकेको छ । आयोगको म्याद एक वर्ष हुने संवैधानिक व्यवस्था अनुसार २०७३ फागुनमा मात्र आयोगले प्रतिवेदन सरकारलाई बुझाउने हुनाले मंसिरमा कसरी चुनाव सम्भव हुन्छ ? मधेसवादी दलहरूले आन्दोलन गरिरहेका र उनीहरूका मागहरूका बारेमा सरकार गम्भीर नभएको हुनाले तराईमा अहिलेकै अवस्थामा निर्वाचन सम्भव छैन । निर्वाचन अयोगले समेत निर्वाचनका लागि आवश्यक नियम कानुन निर्माण गर्न सरकारलाई आग्रह गरिसकेको र नियम कानुन निर्माण भएपश्चात निर्वाचनको तयारीका लागि कम्तीमा तीन महिना चाहिने आयोगले सरकारलाई जानकारी गराइसकेको छ । यदि साच्चिकै मंसिरमै निर्वाचन गर्ने हो भने सम्पूर्ण कानुनहरू साउनभित्रमा निर्माण भइ लागू भइसक्नु पर्छ । के त्यो सम्भव होला ?

सत्तामा रहेको एमाओवादीसँग वैशाख २३ गते मध्यरातमा भएको अलिखित सहमति अनुसार बजेटको घोषणापछि प्रधानमन्त्री केपी ओलीले राजिनामा दिने र उनैले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीका रूपमा प्रस्ताव गर्ने सहमति भएको सुनिएको हुनाले ओली सरकारको आयु असार मसान्तसम्म मात्र रहेको अवस्थामा न त मधेसवादी दलहरूले उठाएका गमाहरू सम्बोधन हुने न त निर्वाचन नै । पछिल्लो समयमा कर्मचारी तन्त्रमा समेत अनुशासन हराएको छ । पार्टीगत स्वार्थका लागि कर्मचारीहरू सञ्चालित भएका छन् । आफ्नो पार्टी सरकारकामा आउँदा राज्यबाट फाइदा लिन कर्मचारीहरू तँछाड मछाड गरेर लाग्ने गरेका हुनाले जनताका काम सहज रूपमा हुन सकेका छैनन् ।

अहिले लोकतन्त्रलाई देखाएर ब्रम्हलुट मच्चाइएको छ । त्यसको प्रत्यक्ष प्रमाण हो, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रत्येक दिन भ्रष्टाचारीहरू रंगेहात समाउनु र विशेष अदालतमा मुद्दा दर्ता गुर्न । पछिल्लो समयमा अख्तियारले मात्र लोकतन्त्रको मर्मलाई बचाइदिएको छ । अख्तियार प्रमुख लोकमानसिंह कार्कीका कतिपय क्रियापकलाप आलोच्य भएपनि समग्रमा उनले राम्रो काम गरेको जनताले भन्न थालेका छन् । तर, प्रजातन्त्रको ठेकेदार र मसिया भन्नेहरू लोकतन्त्रलाई बद्नामा गर्दै कुर्सीको खेलमा रमाउन थालेका छन् । यहि हो त लोकतन्त्रको मर्म र धर्म ?

*devendrachudal@gmail.com*

# झन झन घन्किन थाल्यो- राजतन्त्र जिन्दावाद



राजन कार्की

जति जति राजनीतिक दलहरू असफल हुँदै गइरहेका छन्, उति उति राजतन्त्र जिन्दावादको नारा झन झन घन्किन थालेको छ । संविधान कार्यान्वयन हुन नसकेर मधेसी मोर्चासहितका २९ दलको संघीय गठबन्धनले राजधानी केन्द्रित आन्दोलन गरेर यो संविधान मान्य छैन, मान्दैनौं भनिरहेको स्थितिले संघीयता, धर्मनिरपेक्षता कायम हुननसक्ने स्थिति जन्माइदिएको छ । बिबाद यसरी बढेर गएको छ कि सत्ताधारीले सडकको दबाब सत्ताको काबुबाहिर जान थालेको देखिदैन । यति नै बेला पूर्वराजा भगवतीको पूजाआजा गर्न नुवाकोट गएका थिए । नुवाकोटे जनता सडकमै उत्रिए र राजाआउ देश बचाउको नारा घन्काए । नुवाकोटेको यस्तो नाराले सिंहदरवारमा बहसको विषय बनेको छ । आखिर राजतन्त्रमा कुन चुम्बकीय शक्ति छ र पूर्वराजा घरबाहिर निस्क्यो कि जनताको भीड उम्लिहाल्छ, र, राजा आउ देश बचाउको नारा लागि हाल्छ ?

हिजोका दिनमा समस्याको जड राजतन्त्र नै हो भनेर २०६५ साल जेठ १५ गते बलजफ्ती किनारा लगाइएका राजामा अझै पनि कुनै पार्टी वा नेताको भन्दा धेरैगुणा बढी आकर्षण छ । जनविश्वास कायम छ । त्यसैले हरेक पीडाबोध गर्दा राजा सम्झन्छन्, राजतन्त्र जिन्दावाद भन्छन् । नुवाकोटमा लागेको गगनभेदी नारा देख्दा लाग्छ, देशमा अहिले पनि राजतन्त्र जिवन्त छ । जनताको जीवनसँग गाँसिएको छ । राजनीतिक दलले फाले पनि जनताले राजतन्त्रलाई सम्झिरहेका छन् ।

देशमा शान्ति आउनु पर्‍यो, जनताले सुख पाउनु पर्‍यो । पूर्वराजाको ताजा अभिव्यक्ति यही हो ।

जेठ १ गते नुवाकोट पुगेका पूर्वराजा ज्ञानेन्द्र शाहले वर्तमान राजनीतिक अवस्थाप्रति असन्तुष्टि जनाएका छन् । पूर्वराजाले नुवाकोटको बट्टारमा पुगेर पत्रकारहरूसँग भनेका छन्– 'तपाईंहरूलाई देशको अहिलेको परिस्थितिबारे थाहा छँदैछ, देशमा शान्ति आउनुपर्यो । सबैले सुख पाउनुपर्यो । अहिलेको खराव स्थितिमा सुधार आउन जरूरी छ ।

भैरवी, राम, रूद्रेश्व महादेव मन्दिरमा पूजाआजामा सरिक हुन पुगेका पूर्वराजा आएको थाहा हुनासाथ जनता घरघरबाट निस्किएका थिए । जनताले जयजयकारको नारामात्र लगाएनन्, राजा आउ देश बचाउ पनि भने । लोकतन्त्रका लोकले राजा गुहारेको दृश्य यति सहज थियो कि लोकतान्त्रिक नेता र सिंहदरवारको लोकसरकारले कुनै असहजता अनुभव गरेको देखिएन । हुन पनि पूर्वराजाले अहिलेसम्म देखिने गरी राजनीति गरिरहेका छैनन् । जनताले खोजे म यहीं छुसम्म भनेका छन् र कहिले कहिले मन्दिरतिर देखिन्छन् । पूर्वराजालाई देख्ने वित्तिकै जनता यसैगरी हारगुहार गर्ने गर्छन् । निश्चय नै जनताको यस्तो नियति भनेको लोकतान्त्रिक नेताहरूको राजनीतिक असफलता हो ।

नुवाकोट पुगेकापूर्वराजाले आफूलाई भेट गर्न आएका आमनागरिकसँग भलाकुसारी गरे । एउटी बृद्ध महिलाले पूर्वराजालाई भेट्ने घिस्रेर आएको देखेपछि पूर्वराजा बुढी आमाकै छेउ पुगे, पूर्वराजाको हात समातेर बुढी आमाले भनिन्- फेरि राजा हुनु । बुढी आमाको आशीर्वाद सुनेपछि पूर्वराजाले कुनै जवाफ दिएनन् । आमनागरिक नारा लगाइरहेका थिए- राजतन्त्र जिन्दावाद । नुवाकोटमा यसरी नारा लाग्दा सिंहदरवारमा राजगर्ने नेताहरूले के हो यो ? भनेर चर्चा गरेको सुनियो ।

पूजाआजापछि भाकल पूरा भएकोमा प्रसन्नचित्त देखिएका पूर्वराजा ज्ञानेन्द्रले भने- देशमा अनिष्ट नहोस् । मेरो भाकल थियो, कतिपय पूरा भयो, कतिपय पूरा हुन बाँकी छन् । के भाकल रहेछ पूर्वराजाको, यो भने उनले बताएनन् । तर जनताले सुख पाउनु पर्‍यो भनेपछि पूर्वराजाको भाकल शान्ति, स्थिरता र प्रगति नै हुनुपर्छ भन्ने धेरैको अनुमान थियो । पूर्वराजाको नागरिकहरूले स्वागत गरेको दृश्य अचम्मलाग्दो थियो । आज पनि पूर्वराजाप्रति जनताको यतिठूलो विश्वास, लगाव र आकर्षण ?

किन लोकनेताहरूप्रति जनताको घृणाभाव छ ? किन किनारा लागिसकेको राजतन्त्रलाई जनता खोजिरहेका छन् ? यी यस्ता सवाल हुन् जसको जवाफ समयले खोज्न थालिसकेको छ । अँन्दोलन, द्वन्द्व बढ्ने खतरा र संविधानको

कार्यान्वयन नहुनुलाई विश्लेषण गर्ने विश्लेषकहरू भन्छन्– राजनीतिले यू टर्न लिनसक्छ । हुन पनि दिल्लीको सक्रियता, पार्टीहरूवीचको बढ्दो अविश्वास र बिग्रदो सहमतिको माहोल सम्हाल्न सक्ने नेतृत्वको खाँचो हेर्दा लाग्छ, नेपालमा अर्को राजनीतिक दुर्घटना हुनेवाला छ । त्यो कस्तो हुन्छ, त्यसको लेखाजोखाको अनुमान गर्न कठिन छ ।

यद्यपि अझै पूर्वराजाले आफूलाई जनताका माझ उभ्याइसकेका छैनन् । परम्परागत रूपमा सन्देश दिने, सन्देशमार्फत जनतासँग गाँसिने र शान्ति, स्थिरता र प्रगति हुनुपर्छ भनिरहेका छन् । पूर्वराजाको यो सकारात्मक सोच यथार्थमा लोकतन्त्रका प्रति सहयोग पनि हो । तर, राजनीतिक ठूला नेताले पूर्वराजाप्रति पूर्वाग्रह त्याग्न सकेका छैनन् । यही भिन्नता छ राजतन्त्र र राजनीतिक दलका वीच । राजतन्त्र राष्ट्र अखण्ड रहोस् भनेर कामना गरिरहेको छ, राजनीतिक दलहरू जिम्मेवार होउन् भन्ने सुझाव दिइरहेको छ तर राजनीतिक दलहरू राजतन्त्र फर्केला भन्ने भयले त्रसित छन् । यस्तो त्रासदीमा पनि राम्रो काम गरेर, जनताको जीवनमा लोकतन्त्रलाई भिजाउने प्रयास गरिरहेका छैनन् । जनताको शोषण गर्नु र निजी स्वार्थ पूरा गर्नुमात्र राजनीतिक ध्येय रहेको पाइन्छ ।

पहिलो संविधानसभाबाट गणतन्त्र कार्यान्वयन गरेर बलात् फालिएका पूर्वराजाले कहिल्यै दलहरूप्रति कूभावना राखेका अथवा लोकतन्त्रको बिरोधमा उभिएका छैनन् । जहिले जहिले पूर्वराजा देश दर्शन अथवा मन्दिर पीठहरूमा पुगे, लोकतन्त्रको सफलताकै कुरा गरे । देश र जनताको प्रगतिकै अपेक्षा गरे । राजनीतिक नेताहरू नैतिक र इमान्दार भएको हेर्ने इच्छा व्यक्त गरे । ८ वर्ष पछि पनि पूर्वराजा देशमा शान्ति र जनतामा सुख भएको हेर्न खोजिरहेका छन् । अपूर्व छ राजतन्त्रको धैर्यता । यसकारण राजतन्त्रप्रति जनता अझै पनि टाँसिएका छन् ।

किन कुनै नेता राजनेता भएर उदाउन सकेन ? किनकि जति नेताहरू छन्, सबै स्वार्थ लम्पट भए । भ्रष्टाचार खूब मौलायो, भ्रष्टाचारको विकास निरन्तर जारी छ तर नेतृत्वको विकास हुनै सकेन । यसकारण प्रत्येक नेता आज घृणाका पात्र छन्, तिनलाई जनता दया गरिरहेका छन् । तर राजतन्त्र र हिन्दूत्वप्रति जनताको सम्मान आज पनि यथावत छ । यहीकारण पूर्वराजा देख्यो कि जनता ओइरिहाल्छन् र नारा लगाइहाल्छन्- राजतन्त्र जिन्दावाद ।

जुनसुकै पार्टीको नेतामा जनताको यस्तो विश्वास, भरोसा र आदर देखिदैन । हो, देशमा परिवर्तन त भयो तर परिवर्तन जनताका लागि भएन, जनताको हक नेताले खोसेर परिवर्तन आफ्नै लागि पोसिरहेका छन् । जनता भूकम्पको पीडामा छन्, पुषेठण्डीपछि जेठको गर्मीमा छन् र असारे झरीमा ओतलाग्ने ओढारसम्म छैन जनतासँग । पार्टीहरूले चाहेको भए स्रोत र साधनको कमी थिएन, जनताले यसरी हुटहुटीमा बाँच्नु पर्दैनथ्यो । जनताले पाउनुपर्ने राहत नेताले र तिनका कार्यकर्ताले, कर्मचारीले र पहुँचवालाले लुटे, अझै लुटिरहेका छन् । जनता नाना, खाना र छानाका लागि वर्षदिनपछि पनि छटपटिइरहेका देखिन्छन् । धुर्मुस र सुन्तली, सामान्य हास्य कलाकार, तिनले सरकारको भन्दा महत्वपूर्ण काम गरिरहेका छन् ।काभ्रेको डाँडागाउँस्थित पहरी बस्तीमा २० घर बनाएर २० परिवारलाई गतवर्ष नै हस्तान्तरण गरिसकेका धुर्मुस सुन्तली अव सिन्धुपाल्चोको गिरानचौरमा ६५ परिवारको घर बनाउन अघि सरेका छन् । यी कलाकार दम्पती भूकम्पपीडितको ओठमा हाँसो, आँखाको आँसु पुछ्न लागिपरेका छन् । धन्य छन् धुर्मुस र सुन्तली । यिनले राजकाजको जिम्मेवारी पाउन सकेका भए देश कसरी सम्पन्न हुने थियो ? प्रभावकारी हुनुपर्ने सरकार र द्रूतगतिमा काम गर्नुपर्ने पुननिर्माण प्राधिकरणचाहिं हास्यपात्र बनिरहेका छन् । यतिखेर देशविदेशमा बसोबास गर्ने नेपालीहरू भनिरहेका छन्– धुर्मुस र सुन्तली किन नेता बनेनन् ? नेता बन्नुपर्नेहरू कलाकार बने, हास्यपात्रहरू राजनीतिमा देखिन्छन् ।

यसकारण पूर्वराजा जता जान्छन्, जनता आशा, भरोसा र विश्वासका लागि जयजयकार गरिहाल्छन् । परिवर्तनको ९ वर्ष पछि पनि एकजना नेताको जनताले यसरी जयजयकार गरेको सुनिएको छैन । यसबाट थाहा हुन्छ, लोकतन्त्रजस्तो उत्तम व्यवस्था सञ्चालकहरू कतिसम्म खत्तम रहेछन् । यदि राजनीतिक नेताहरूले जनताको मनस्थिति बुझ्न सकेनन् भने जनताले मौलो खोज्छ, त्यो मौलो नौलो हुनसक्छ तर राजतन्त्र नै हुनेछ । जनतासँग यसको विकल्प हुनेछैन ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्हवा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०






# कस्तो हुन्छ आगामी बजेट ?

*विमल कोइराला*

सरकारले नीति तथा कार्यक्रम ल्याइसकेपछि बजेट कस्तो ल्याउँछ भनेर लख काट्नेहरूलाई सजिलै भएको हुनुपर्छ । नीति तथा कार्यक्रम बजेटको सूत्रात्मक रूप हो । सवा घन्टा लगाएर पढिएको नीति तथा कार्यक्रमभन्दा बजेट ठूलो हुने नै भयो । सांसदहरूलाई बजेट सुन्दा थकित भएर लामै निद्रा लाग्न सक्ने ट्रेलर त नीति तथा कार्यक्रम वाचनका वेला देखिएकै हो । बजेट नयाँ आर्थिक वर्षमा थालिने, सम्पादन हुने र निरन्तरता पाउने कार्यक्रमहरूको फेहरिस्त पनि हो । खर्च गरिने भनेर तोकिएका कार्यक्रमलाई नीतिगत टेवा र स्रोत-साधनको जोहो गर्ने अनि कार्यान्वयनको व्यवस्था मिलाउने घोषणापत्र पनि हो । त्यसैले बजेटका विषयमा थरिथरिका आँकलन हुन्छन् । सरकार भने विकासको जस लिन हुने नहुने सबै कार्यक्रम कोच्न खोज्छ र बजेट पुस्तिकालाई अनावश्यक रुपमा तन्क्याउँछ । सात-आठ महिनामा फेरिरहने यस्ता सरकारको बजेटको आयतन तन्क्याउने र शब्दहरूको थुप्रो लाउने बानीलाई अस्वाभाविक भन्न मिल्दैन । चार-पाँच वर्षमा मात्र परिवर्तन हुने सरकारले भने पहिला दुई-तीन वर्ष अलोकप्रिय तर अर्थतन्त्र मजबुत बनाउने अनिवार्य विषयमा केन्द्रित भएर बजेट ल्याउँछन् र आर्थिक आधार खँदिलो बनाउँछ । चुनाव आउने वर्षमा भने जनता रिझाउने पपुलिस्ट कार्यक्रम राख्ने गर्छन् । हामीकहाँ भने सधैं चुनाव आउला-आउला जस्तो हुन्छ, त्यसैले बजेटभित्र सम्भव-असम्भव सबै कार्यक्रमको लामो सूची राख्ने चलन छ । नीति तथा कार्यक्रम हेर्दा त्यस्तै छनक देखिन्छ । अपवादका रूपमा यो सरकार आउन सके धन्यवाद दिनु पर्ला ।

नीति तथा कार्यक्रम हेर्दा बजेट यथार्थपरक आउला भन्ने विश्वास गर्ने ठाउँ नै छैन । जानेजति भएभरका सबै कुरा अटाउन खोज्दा कार्यान्वयन हुन्छ भनेर पत्याउने आधार करिब-करिब समाप्त भएको छ । शब्द संयोजनमा ध्यान दिएर काव्यात्मक बनाउने प्रयास गरिएको नीति तथा कार्यक्रममा गुलिया कुराबाहेक कार्यान्वयन नै गर्न नसकिने कुराको थुप्रो छ । यसलाई गफको पुलिन्दा भने पनि हुन्छ । वर्षौं वर्षसम्म दोहो-याइ-तेहे-याइ गर्दा पनि उपलब्धि हासिल हुन नसक्ने विषय समेटिनु र बजेटमा तिनै कुरा राखिने संकेत देखा पर्नुले रातो किताब अझै फोहोर हुने निश्चित छ । अहिले हामीलाई कल्पनाशीलता वा हवाई उडानभन्दा भरपर्दा र जनतालाई लाभ दिने दुई-चारवटा यथार्थपरक कार्यक्रम चाहिएको छ । आफ्नै बलबुताले सम्पादन गर्न सकिने र जनताले प्रत्यक्ष लाभ अनुभूत गर्ने योजनाहरूको पहिचान गरी त्यसैमा केन्द्रित हुनुपर्ने अवस्था छ । कृषि उत्पादकत्व वृद्धि र ग्रामीण विकासका माध्यमबाट एउटै पुस्तामा गरिबलाई रूपान्तरित गर्ने आधार खडा गर्नु छ । तर, त्यो एजेन्डालाई नपत्री सतही र हावादारी कार्यक्रममा मात्र सरकारको ध्यान जानुले हाम्रो अर्थ व्यवस्थाको आधारभूत तथ्यसँग सरकार अवगत नभएको जस्तो देखियो ।

उन्नतशील शब्दहरूको खेती गर्दैमा राम्रो बजेट बन्ने होइन । पेटबोलीमा राखेका कुरालाई विनियोजनले पुष्टि गर्दै सहज कार्यान्वयनको आधार निर्माण गर्न सक्दा मात्र बजेटका अक्षरहरु सार्थक हुनेछन् । अहिले देख्दा आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन नगरिएका राजनीतिक प्रकृतिका परियोजनाले बजेटमा ठाउँ ओगट्ने देखिन्छ । त्यसै पनि हाम्रो बजेटको ढाँचा धेरै चलखेल गर्न सकिने खालको छैन । वैदेशिक सहायताबाट सञ्चालित परियोजनाहरूले पुँजीगत खर्चको ठूलो हिस्सा ओगटेको हुन्छ । राजस्व बचत ज्यादै कम हुन्छ जुन वैदेशिक सहायताको निम्ति 'म्याचिङ फन्ड' लाई ठिक्क हुन्छ । बाँकी स्रोत नाम राख्नचाहिँ हुन्छ, काम गर्न सकिँदैन । अझ प्रधानमन्त्रीले बोलेका सबै कुरा नीति तथा कार्यक्रममा अटाएनन्, बजेटमा आए भने थप स्रोत-साधन जुटाउनुपर्ने हुन्छ । घरघरमा ग्याँस जडान गर्ने, मेट्रो रेल दौडाउने, दुई वर्षमा लोडसेडिङ अन्त्य गर्न चाहिने रकमसमेत जोड्ने हो भने राजस्व दोब्बर बढाउनुपर्ने हुन्छ । यस्तो अवस्थामा स्रोत-साधन छर्ने हिसाबले बजेट आउने भयो । त्यस्तो बजेटले के राष्ट्रिय अभीष्ट पूरा होला ? कार्यक्रम कोचाकोच गरेर राख्नुको कुनै अर्थ छैन । असार महिनामा जोरजुलुम नगर्ने हो भने पुँजीगत खर्च एकतिहाइ पनि हुन सक्ने छाँट छैन । वैदेशिक सहायतातर्फ द्विपक्षीय सहायतठामा आधा र बहुपक्षीय सहायतामा एकतिहाइ पुगे ठूलो कुरा हुन्छ । यो अकर्मण्यताको अवस्थामा सुधार गर्न विनियोजन पद्धतिमा सुधार र निजामती सेवाको क्षमता वृद्धिमा लगानी बढाउनुपर्ने हुन्छ तर त्यसलाई नीति तथा कार्यक्रमले चुइँक्क बोलेको छैन ।

'एक घर एक रोजगारी'जस्तो सुन्दा आनन्द आउने कार्यक्रमकै सूक्ष्म रूप केही वर्षअघि कर्णाली विकास सन्दर्भमा पनि आएको थियो । एक-दुई वर्ष निरन्तरता पाएको उक्त कार्यक्रमले केही वर्षयता ठाउँ पाएको थिएन, अहिले एक घर एक रोजगारीले त्यो रित्त ठाउँ पूर्ति गेरको छ । सरकारले उद्यमशीलता विकासमा लगानी नगर्ने, अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा ध्यान नदिने र सना तथा लघु उद्यम विकासमा टेवा नदिने तर रोजगार भने घरैपिच्छे उपलब्ध गराउने, यो फगत नारा हो । यसले आगामी केही वर्षसम्म बजेटमा निरन्तरता पाउँछ । आगामी आर्थिक वर्षलाई समृद्धितर्फको प्रस्थान वर्ष भनिएको छ । यो रोस्टोको 'वृद्धिका चरणहरु' बाट हुबहु नक्कल गरिएको छ । के हामी दोस्रो चरणको प्रारम्भिक अवस्थामै छौं ? कृषिको व्यवसायीकरण हुन नसक्नु, कृषि-उद्योगको अन्तर्सम्बन्ध विकास नहुनु र भौतिक आधारशिलाको अभावले जन्माएका प्रश्न एकीकृत र समन्वित ढंगले समाधान गर्नुपर्नेमा नीति तथा कार्यक्रमको साहित्यले झनै अल्झाइदिएको छ ।

नेपाल उज्यालो हुने, नेपालीको मुहार तनावमुक्त भई आधारभूत आवश्यकताका क्षेत्रमा पहुँच बढ्दा हुने हो । 'उज्यालो नेपाल समृद्ध नेपाल' भन्ने नारा ऊर्जा क्षेत्रको विकाससँग जोडिएर नीति तथा कार्यक्रममा आएको छ । १० वर्षमा १० हजार मेगावाट उत्पादन अति महत्वाकांक्षी लक्ष्य नभए पनि कडा मिहिनेत आवश्यक पर्ने लक्ष्य हो । नौ वर्षसम्म चुप लाग्ने र नौ वर्ष ११ महिना २९ दिनमा आकाशबाट झर्ने त होइन होला १० हजार मेगावाटको पोको ? यसका निम्ति बर्सेनि सरकारले कति र निजी क्षेत्रले कति लगानी गर्ने हो, देखिँदैन । यसरी पेटबोलीमा साहित्य र विनियोजनमा तादात्म्यता नआए कार्यक्रम हावादारी हुने खतरा रहन्छ । अहिलेसम्म पनि परार घोषणा भएको सहुलियत ऊर्जामा लगानी गर्ने निजी क्षेत्रले पाउन सकेको छैन । कहिले कुन कागज कहिले थप प्रमाण भन्दै अर्थ मन्त्रालयको नोकरशाहीले अलमल्याइरहेको अवस्था छ । नियमित उत्पादनको प्रमाणका आधारमा ऊर्जा मन्त्रालयले फटाफट दिनुपर्नेमा अर्कै मन्त्रालयमा अल्झिरहेको छ । निजी क्षेत्र ऊर्जा विकासमा अलमलिनुमा विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग र अर्थ मन्त्रालय बाधक देखिएका छन् । यो फोहोर सफा नगरून्जेल १० वर्षमा १० हजार मेगावाट उत्पादन सपना मात्र होला ।

नीति तथा कार्यक्रममा शिक्षा क्षेत्र र शासन व्यवस्थामा सुधारका नाउँमा थुप्रै शब्द खर्चिएको देखिन्छ । जोकोहीले भन्न सक्ने यी क्षेत्रको समस्या भनेको अत्यधिक राजनीतीकरण हो । विश्वविद्यालयमा भागबन्डा, शिक्षकहरूलाई राजनीतिक संरक्षण र विद्यार्थी राजनीतिक दलहरूका भ्रातृ संगठन- योभन्दा बढी के चाहियो राजनीतीकरणको प्रमाण ? तर, त्यति हुँदा पनि मूल रोग निको पार्ने प्रतिबद्धताको साटो नीति तथा कार्यक्रम भरी शृंगारिक सुधारको कुरा गरिएको छ । यस्ता अपत्यारिला सुधारका कार्यक्रमले शिक्षा र शासन व्यवस्थाको क्षेत्रमा थप अनिष्ट निम्त्याउन सक्छ । 'कडाइका साथ लागू गरिने' र 'तोकिएको समयभित्र' जस्ता वाक्य ठाउँ-ठाउँ राखिएका छन् । यसले हालसम्मको सरकारको आफ्नै अकर्मण्यता देखाउँदैन र ? जे होस्, यस्ता कुरामा भने सरकार अन्जानवश चुकेको देखिएको छ ।

हालै प्रस्तुत नीतिपत्र हेर्दा बजेट सहजै ६०-७० पृष्ठको पट्यारलाग्दो नामैनाम र नारैनाराले भरिएको आउँछ भन्ने अन्दाज गर्न सकिन्छ । पेटबोलीमा प्रशस्तै साहित्य राखेर विनियोजन र कार्ययोजनाले पुष्ट्याइँ नगरेको पाठको रूपमा आउँछ भन्न सकिन्छ । अझै पनि समय छ- माननीय अर्थमन्त्रीज्यूले कमजोरी सच्याइ यथार्थपरक दस्ताबेज बनाउने र नेपाली जनतालाई गुलिया कुरा होइन तीतै तर हासिल गर्न सकिने उपलब्धि दिने । कुनै लोभमा नफसी माननीय अर्थमन्त्रीज्यूले आर्थिक प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएका थोरै उत्साहजनक परियोजना र नीति दिनसक्नु भयो भने म धन्यवाद दिन आगामी अंकमा अग्रसर हुनेछु ।




# भारत-अमेरिका सम्बन्धका चुनौती

**सुरेन्द्र प्रधान**

भारत र अमेरिकाबीच बढ्दो सम्बन्ध विस्तारका वर्तमान आधारशीलाबारे विश्लेषण गर्दा शीतयुद्धकालीन अमेरिका, सोभियत संघ र चीनबीचको त्रिपक्षीय सम्बन्धका उतारचढावबारे चर्चा गर्नैपर्ने हुन्छ । विश्व साम्यवादी आन्दोलनको नेतृत्व गर्ने सवाललगायत सीमा संघर्षका कारण दुई साम्यवादी राष्ट्रहरु चीन र सोभियत संघबीचको सम्बन्धमा कटुता उत्पन्न भएको र बढ्दो सोभियत प्रभावलाई रोक्नुपर्ने आवश्यकता चीनले समेत महसुस गरिसकेका सन्दर्भमा एउटा साम्यवादी राष्ट्रको प्रभावलाई रोक्न अर्को साम्यवादी राष्ट्रलाई उपयोग गर्न सकिने अनुकूल परिस्थिति सिर्जित भएको अमेरिकाले बुझेको थियो । त्यसैले सोही अवस्थालाई उपयोग गर्न अमेरिकाले ताइवानबाट आफ्नो सैनिक अड्डासमेत हटाउँदै ताइवानसँगको विशिष्ट सम्बन्धलाई तिलाञ्जली मात्र दिनुपरेको थिएन, माओको चीनलाई जनगणतन्त्रवादी चीन घोषित गर्दै संयुक्त राष्ट्रसंघलगायत सुरक्षा परिषद्को स्थायी सदस्यताका लागि सिफारिससमेत गर्नुपरेको थियो । यति मात्र होइन, तीन दशकअघि देङ सियाओ पिङको अमेरिका भ्रमणमा अमेरिका र चीनबीच वैज्ञानिक सहयोग आदानप्रदान गर्नेलगायत परस्पर व्यापार सम्बन्ध विस्तारका लागि अमेरिका आफ्ना निकटतम सहयोगी युरोपेली राष्ट्रसरह नै चीनलाई पनि मोस्ट फेभर नेसनको सहुलियत प्रदान गर्न सहमत भएको थियो । तर, शीतयुद्धको समाप्तिसँगै चीनलाई सोभियत संघविरूद्ध प्रतिसन्तुलनको रूपमा उपयोग गर्ने अमेरिकी नीतिको सान्दर्भिकता पनि समाप्त भएको थियो ।

कस्मिरको प्रश्नमा अमेरिकालगायतका पश्चिमा राष्ट्रहरु पाकिस्तानको पक्षमा रहेको र पश्चिमा राष्ट्रमध्येको एक प्रमुख राष्ट्र बेलायतको उपनिवेशबाट भर्खरै स्वतन्त्र भएको भारतले पश्चिमा राष्ट्रसँग सम्बन्ध विस्तार गर्न चाहेन । ८० को दशकमा पाकिस्तानको प्रश्नमा आफ्नो पक्षमा रहेको र उपनिवेशवादविरूद्ध रहेको तत्कालीन सोभियत संघसँग भारतले २० वर्षे शान्ति तथा मैत्री सन्धि गरेपछि पश्चिमा राष्ट्रहरु भारतबाट थप टाढिए । तर, ९० को दशकमा सोभियत संघको अवसानपछि त्यसको बिरासत पाएको रूस एकदमै कमजोर र लाचार मात्र थिएन, वस्तुतः ऊ आफनै विशाल अस्त्र भण्डार र सेनाको समेत रक्षा गर्न सक्ने अवस्थामा थिएन । उसले महाशक्तिको पगरी गुमाइसकेको अवस्थामा भारतले समेत आफू एक्लिएको महसुस गरिरहेको थियो । अर्कातर्फ पश्चिमा राष्ट्रहरूको भारतप्रतिको दृष्टिकोण पनि सकारात्मक थिएन । विगतमा विश्व सभ्यताको केन्द्र, विशाल जनसंख्या र प्राकृतिक स्रोत-साधन सम्पन्न राष्ट्र हुँदाहुँदै पनि भारतको स्थान एउटा कमजोर राष्ट्रका रूपमा थियो । शीतयुद्धको अन्त्यपछि अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा व्यापक परिवर्तन र एकल महाशक्तिका रूपमा अमेरिका देखिएपछि भारतका लागि दुईवटा मात्र विकल्प थिए । एउटा विकल्प, रूस र चीनले बहुध्रुवीय विश्व व्यवस्थाका लागि स्थापना गरेको ब्रिक्समा सक्रिय हुने वा अमेरिकी नेतृत्वको एकध्रुवीय विश्व व्यवस्थामा सामेल हुने । भारतको उपस्थितिपछि नै ब्रिक्सको निर्माण भएको हो, तर आज भारत ब्रिक्सको साटो अमेरिकी धुरीमा सामेल हुन खोजिरहेको छ । जसले ब्रिक्सलाई कमजोर मात्र तुल्याएको छैन, अपितु गन्तव्यविहीन पनि बनाइदिएको छ ।

अमेरिकाले भारतसितको सम्बन्ध सुधार्न यद्यपि चार दशकअघिदेखि नै प्रयास गर्दै आएको थियो । तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरको भारत यात्राक्रममा उनले भारतीय गुटनिरपेक्षता र परमाणुशक्तिको शान्तिपूर्ण कार्यको प्रशंसा गर्दै दक्षिण एसियाको मामिलामा अमेरिकाले हस्तक्षेप नगर्ने प्रतिज्ञा गरेका थिए । तर, लगत्तै भारतले गरेको आणविक परीक्षणको विरोधमा अमेरिकाले विभिन्न क्षेत्रमा प्रतिबन्ध लगाएको घोषणा गरेको थियो भने भारतको गुटनिरपेक्ष नीतिको समेत कटु आलोचना गरेको थियो । तीन दशकअघि अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले भारतको तारापुर परमाणु बिजुलीघरका लागि प्रशोधित युरेनियम उपलब्ध गराउने सरकारी आदेशमा हस्ताक्षर गरे पनि सिनेटले खारेज गरिदिएका कारण भारत सो युरेनियम प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको थियो । तर, जापान र चीनको पश्चिमीकरण नीतिको फलस्वरूप दुवै मुलुक अहिले विश्वका प्रमुख आर्थिक शक्ति बन्न सकेको यथार्थप्रति भारत अनभिज्ञ थिएन । कस्मिरी समस्याका कारण भारत-अमेरिका सम्बन्ध चिसिँदै आएको भए पनि भारतले आफ्नो देशको समुन्नतिका लागि अमेरिकी लगानीलगायत त्यहाँको अत्याधुनिक प्रविधिसमेत प्राप्त गर्ने प्रयास गर्दै आएको छ । तत्कालीन भारतीय प्रधानमन्त्री राजीव गान्धीको अमेरिका भ्रमणक्रममा यस्तो चाहना अभिव्यक्त भएको थियो । तर, शीतयुद्धको अवस्था कायमै रहेको त्यस समयमा अमेरिकाका लागि भारत खास महत्वपूर्ण राष्ट्र नभएको कारण भारत-अमेरिका सम्बन्धमा गतिशीलता आउन सकेन ।

तर, आधा दशकअघि तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसको भारत भ्रमणक्रममा दुई देशबीच गैरसैनिक आणविक प्रविधि हस्तान्तरण सम्झौता सम्पन्न भयो । जसलाई भारत-अमेरिका रणनीतिक साझेदारीका रूपमा हेरिएको थियो । दुवै मुलुकमा यस साझेदारीबारे निकै विवाद उठे पनि अन्ततः अमेरिकी सिनेटले यसलाई अनुमोदन गरेको थियो । भारतका दुवै आणविक परीक्षणको प्रतिक्रियास्वरूप अमेरिकाले भारतमाथि लगाइआएको प्रतिबन्धसमेत पूर्णतः हटाइनसकेको र भारतले आणविक अप्रसार सन्धिमा हस्ताक्षरसमेत नगरेको अवस्थामा अमेरिकाले एकाएक त्यही राष्ट्रलाई उच्चस्तरको आणविक प्रविधि उपलब्ध गराएको थियो । यसरी आन्तरिक विरोध र आफ्नै सहयोगी राष्ट्रको समर्थनविनै सम्झौता भएको स्थितिले अमेरिकाले भारतसँगको सम्बन्धलाई अत्यन्तै महत्व दिएको मात्र होइन, भारतप्रतिको शीतयुद्धकालीन परम्परागत नीति परित्याग गरी नयाँ अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका लागि नयाँ मित्रको खोजी गरिरहेकोसमेत स्पष्ट भएको थियो । अमेरिकी राष्ट्रपति ओबामाको भारत भ्रमणक्रममा भारतलाई एक विश्वशक्तिका रूपमा परिभाषित गर्नु र भारतलाई दक्षिण-पूर्वी एसियामा समेत आफ्नो भूमिका विस्तार गर्न अनुरोध गर्नुले त्यतिवेलै भारत र अमेरिकी सम्बन्धको पदचापलाई आँकलन गरिएको थियो ।

भारतमा हिन्दुवादी नेता नरेन्द्र मोदीको उदयपछि उसको विदेश नीतिमा व्यापक परिवर्तनको महसुस हुन थालेको छ । एक महिनाअघि मात्र एकाएक भारत र अमेरिका मिलिटरी लजिस्टिकका लागि सेयर गर्ने विषयमा सिद्धान्ततः सहमत भएपछि भारत-अमेरिकाबीचको सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको छ । यद्यपि, दुई देशबीच हस्ताक्षर हुन भने बाँकी नै छ । यस्तो लजिस्टिक सपोर्ट एग्रिमेन्टका लागि वासिङ्टनले धेरै समयअघिदेखि नै नयाँदिल्लीलाई दबाब दिँदै आएको थियो । यस सन्धिअन्तर्गत दुवै देशका सैनिकले आपूर्ति, रिपेयर र विश्रामका लागि एक-अर्काको जमिन, आकाश र समुद्र प्रयोग गर्न सक्नेछन् । अमेरिकाले धेरै समयअघि नै प्रस्ताव गरे पनि भारतले विचाराधीन अवस्थामा राखेको सञ्चार र सुरक्षासम्बन्धी तथा आधारभूत सैन्य सहयोगसम्बन्धी दुई सम्झौता पनि सम्पन्न भएमा भारत-अमेरिका सम्बन्ध पूर्णतः सैनिक गठबन्धनको नयाँ चरणमा पुग्नेछ ।

मूलतः दक्षिण चीन सागर र हिन्द महासागरमा हालैका वर्षमा चीनको बढ्दो अग्रसरतालाई ध्यानमा राखी त्यसलाई प्रत्युत्तर दिने उद्देश्यले नै भारत र अमेरिकाबीच यो सम्झौता हुन लागेको हो । हालका वर्षमा अमेरिकाले दक्षिण चीन सागरको प्रश्नमा जापान र फिलिपिन्सको मात्र होइन, अस्ट्रेलिया र भारतको समेत साथ र समर्थन खोज्दै आएको थियो । भारत र अमेरिकाबीचको यो सहमतिले भारतलाई हिन्द महासागरमा मात्र होइन, दक्षिण चीन सागरमा समेत अमेरिकासँग साझेदार हुने बाटो खोल्नेछ । चीनले दक्षिण एसियालाई जोड्ने रेसममार्गको अवधारणासमेत अगाडि ल्याएको छ । जसप्रति भारतले औपचारिक रूपमा कुनै प्रतिक्रिया नजनाए पनि यसप्रति खुसी नरहेको सहजै अनुमान गर्न सकिन्छ । यो सहमतिमा हस्ताक्षर भएपछि शीतयुद्धकालमा तत्कालीन सोभियत संघसँग नजिक रहेको आफ्नो नीतिमा परिवर्तन गर्दै अमेरिकी सैनिक धुरीमा संलग्न हुने देखिएको छ । शीतयुद्धकालमा तत्कालीन महाशक्ति राष्ट्र सोभियत संघलाई चुनौती दिन अमेरिकाले चीनसँग सम्बन्ध अघि बढाएजस्तै अहिले चीनको बढ्दो शक्तिलाई चुनौती दिन अमेरिकाले भारतसँग सम्बन्ध विस्तार गर्न खोजिरहेकोमा सन्देह छैन । वास्तवमा शीतयुद्धको समाप्तिपछि पुनः अर्को महाशक्ति राष्ट्रका रूपमा चीनको उदय हुने निश्चित सम्भावनाले अमेरिकालाई भारतीय सहयोग र समर्थनको आवश्यकता महसुस भएको हो । ऽ

अहिले भारत-अमेरिकाबीचको सम्बन्ध कसरी अघि बढ्छ भन्नेबारे स्वयं भारतमा मात्र होइन, चीन, रूस र बाँकी विश्वमा समेत चर्चा-परिचर्चा भइरहेको छ । अमेरिकी रणनीतिकारहरूले नयाँ विश्व संरचना निर्माण गर्ने अमेरिकी रणनीतिलाई भारतको साथले सहयोग पुग्ने विश्लेषण गर्दै आएका छन् । तर, कूटनीतिका विश्वविख्यात व्यक्तित्व तथा भूतपूर्व अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरको एक दशकअघि हेराल्ड ट्रिब्युनमा प्रकाशित एक लेखमा भारत-अमेरिका सम्बन्ध विस्तारमा थुप्रै अवरोध रहेको उल्लेख गर्दै विषमतापूर्ण भौगोलिक, ऐतिहासिक र सांस्कृतिक स्थितिका कारण भारत अमेरिकाका लागि चीनविरूद्धको विश्वसनीय मित्र बन्न नसक्ने धारणा व्यक्त गरेका छन् । स्मरणीय छ, शीतयुद्धको समाप्तिमा निर्णायक भूमिका निर्वाह गर्ने अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले समेत भारतलाई विश्वास गर्न नसकिने राष्ट्रका रूपमा परिभाषित गरेका थिए ।

राजनीतिक विश्लेषक भारत-अमेरिका दुवै विश्वका ठूला प्रजातान्त्रिक राष्ट्र भएको, दुवैको औपचारिक भाषा पनि अंग्रेजी नै रहेको र आतंकवादविरूद्धको साझा अवधारणाका आधारमा मात्र द्विपक्षीय सम्बन्ध सहज रूपमा अघि बढ्न नसक्ने बताउँछन् । इतिहासलाई केलाएर हेर्ने हो भने भारत-अमेरिकाबीचको सम्बन्ध ज्यादै उतारचढावपूर्ण रहिआएको छ । भारत बेलायती उपनिवेशबाट मुक्त हुने समयमा अमेरिकाको आग्रहमा बेलायतले सर स्टाफर्ड क्रिप्सलाई स्वतन्त्रताको प्रस्तावसहित भारत पठाएको थियो, जुन प्रस्तावमा प्रान्तहरूलाई स्वतन्त्रता दिने भन्ने थियो, जसको भारतीय राष्ट्रिय कंग्रेसले विरोध गरेको कारण यो प्रक्रिया रोकिएको थियो । यसले पनि आमभारतीयको मनमा अमेरिकाप्रति संशय पैदा गरेको थियो । भारत-चीन सीमा युद्धमा अमेरिका स्पष्टतः भारतको पक्षमा उभिएको भए पनि खासगरी कस्मिर समस्या भारत-अमेरिका सम्बन्ध विस्तारमा सबैभन्दा ठूलो तगारोका रूपमा देखिँदै आएको छ । कस्मिर युद्धमा अमेरिकाको पाकिस्तानप्रतिको सहयोग र समर्थन तथा अमेरिकाद्वारा नेतृत्व गरिएका सिटो र सेन्टोजस्तो सैनिक संगठनमा पाकिस्तानलाई सदस्य बनाइनुजस्ता घटनाक्रमले भारत-सोभियत २० वर्षे मैत्री सन्धिको आधारशीला तयार गरेको थियो ।

द हिन्दुका लागि मस्को संवाददाता भ्लादिमिर रेडियुहिनले सोही पत्रिकामा पाँच वर्षअघि प्रकाशित आफ्नो लेखमा भारत-अमेरिकाबीच बढ्दो सम्बन्धका विषयमा रसियाको धारणा स्पष्ट पार्दै लेखेका थिए, 'चीनको बढ्दो चुनौती सामना गर्न भारतले अमेरिकासँग घनिष्ठता बढाउन चाहन्छ, तर मस्को के कुरामा विश्वास गर्छ भने चीनलाई घेर्ने नयाँ अमेरिकी रणनीति खतराले भरिपूर्ण छ, जसले एसिया प्रशान्त क्षेत्रमा नयाँ तनाव र सुरक्षा समस्या सिर्जना गर्नेछ । भारतीय बौद्धिक वर्ग (एलिट) को सानो समूह भारतको भूराजनीतिक तथा भूआर्थिक समस्या समाधानका लागि अमेरिकासँग घनिष्ठ सम्बन्ध बढाउन चाहन्छ भने अमेरिका पनि भारतमार्फत एसियामा आफ्नो विशिष्ट रणनीतिक लक्ष्य प्राप्त गर्न चाहन्छ । तर, चीनसँगको आर्थिक क्षेत्रका विभिन्न तहमा रहेको अन्तरनिर्भरताका कारण वासिङ्टन कहिल्यै चीनविरूद्ध जानेछैन' भनि उल्लेख गरेका थिए । नेटोको विकल्पका रूपमा विकास हुने ठानिएको ब्रिक्सको प्रमुख सदस्य रहेको भारतलाई अमेरिकासँगको सम्बन्धले ब्रिक्समा रहिरहन पनि कठिनाइ उत्पन्न हुने देखिन्छ ।

भारत र चीन दुवै लामो समयसम्म विश्व सभ्यता, संस्कृति र विश्व अर्थव्यवस्थाको केन्द्रबिन्दु रहँदै आएको, पश्चिमा राष्ट्रको उपनिवेशवादी नीतिका कारण दुवै राष्ट्र विगतमा उत्तिकै प्रताडित हुनुपरेको ऐतिहासिक यथार्थ, दुई राष्ट्रबीचको पारस्परिक सहयोगबाट आर्थिक, वैज्ञानिक र प्राविधिक क्षेत्रमा समेत उन्नति गर्न सकिने आधार र गुटनिरपेक्ष राष्ट्रको नेतृत्व गर्ने भारतको चाहनाले एकातर्फ यसले भारत–चीन सम्बन्धलाई मजबुत बनाउने आधार तयार गरेको छ भने अर्कातर्फ यसले भारत-अमेरिकाबीचको सम्बन्ध विस्तारमा बाधा उत्पन्न गरेको छ । यसैकारण विश्लेषक भारत भविष्यमा समेत अमेरिकी चाहनाअनुकूलको विश्व व्यवस्थामा सहभागी हुने अत्यन्तै न्यून सम्भावना रहेको बताउँछन् । मोदीको हिन्दु राष्ट्रवाद र पश्चिमा राष्ट्रको क्रिश्चियानिटीबीच कसरी तालमेल होला ? अझ विश्वलाई आफ्नै नियन्त्रणमा राख्ने पश्चिमा राष्ट्रको चाहना र आफूलाई विश्व सभ्यताको केन्द्र ठान्ने भारतबीचको सम्बन्ध कसरी अगाडि बढ्छ, त्यो भविष्यले नै देखाउनेछ । यस्ता विभिन्न बाधा-अड्चन र असमान विश्व दृष्टिकोणका बाबजुद पनि भारत-अमेरिका सम्बन्ध बदलिँदो अन्तर्राष्ट्रिय परिस्थिति र आ-आफना रणनीतिक तथा आर्थिक स्वार्थका कारण अघि बढेको देखिन्छ ।

तर, भारत र अमेरिकाबीच बढ्दो रणनीतिक सम्बन्धले भारतको चीनसँगको सम्बन्धमा गम्भीर प्रभाव पार्ने त छँदै छ, अपितु आफ्नो परम्परागत मित्रराष्ट्र सोभियत संघको बिरासत पाएको हालको रसियासँगको सम्बन्धमा समेत गम्भीर प्रभाव पार्ने निश्चित छ । आफ्नै छिमेकी उदाउँदो महाशक्ति राष्ट्र चीन र आफ्नो विगतको परममित्र र अमेरिकाको सैनिक शक्तिलाई अझै चुनौती दिन सक्ने विश्वको एक मात्र राष्ट्र रसियासँगको सम्बन्धमा दूरी बढाउँदै भारतलाई अघि बढ्न निश्चय नै सहज छैन । स्मरणीय छ, चीन र अमेरिकाबीचको घनिष्ठ व्यापारिक तथा आर्थिक सम्बन्धका बाबजुद पनि चीनले अमेरिकासँग कुनै रणनीतिक साझेदारी गरेको थिएन । भारत-अमेरिकाबीच बढ्दो रणनीतिक सम्बन्धको प्रतिक्रियास्वरूप दक्षिण एसियामा चीनले आफ्नो प्रभाव विस्तार गर्ने मात्र होइन, सैनिक उपस्थिति जनाउनसमेत बाध्य हुनेछ । भारतको प्रायः सबै दक्षिण एसियाली राष्ट्रसँगको सम्बन्ध कटुतापूर्ण रहेको वर्तमान स्थितिमा यो कार्य सम्पन्न गर्न चीनलाई खासै कठिन हुने देखिँदैन । अर्कातर्फ, भारतले दक्षिण एसियामा रहेको आफ्नो परम्परागत प्रभावलाई कायम राख्न ठूलो व्ययभार वहन गर्नुपर्ने देखिन्छ । चीनको तुलनामा पाँचगुणा सानो अर्थतन्त्र रहेको भारतका लागि यो कार्य निकै कठिन हुनेछ । असंलग्न आन्दोलन र पञ्चशीलको प्रवर्तक, तेस्रो विश्वको प्रणेता र उपनिवेशवादको विरोधी राष्ट्रका रूपमा भारतको विश्वमा जुन स्थान थियो आज त्यो करिब-करिब धुमिल हुने अवस्थामा पुगेको छ ।

## आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धिकरण विभागबीच सम्झौता



काठमाडौं । सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं कर छली नियन्त्रणका लागि सूचना आदान प्रदान गर्ने सम्बन्धमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र आन्तरिक राजस्व विभाग बीच पारस्परिक समझदारी पत्रमा हस्ताक्षर भएको छ । आन्तरिक राजस्व विभागको तर्फबाट महानिर्देशक चुडामणि शर्मा र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको तर्फबाट महानिर्देशक किशोरजंग कार्कीले समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् । आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाई अन्तर निकाय सहयोग समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक भएकोले समझदारी पत्रको आदान प्रदान भएको हो ।

समझदारी पत्रमा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी एवं कर छली सम्बन्धी अनुसन्धान गर्न प्रभावकारी समन्वय र सहकार्य गर्दै प्रचलित कानूनको परिधि भित्र रही आवश्यकतानुसार एक आपसमा सूचना आदान प्रदान गरिने, सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी एवं कर छलीका जोखिमका क्षेत्रहरू पहिल्याई सोको निवारणका लागि संयुक्त वा अलग अलग रुपमा जोखिम व्यवस्थापन गरिने, आ-आफ्नो क्षेत्राधिकारका विषयहरू सूक्ष्म रुपमा अनुसन्धान तथा अन्वेषण गरी आवश्यकतानुसार निष्कर्ष आदान प्रदान गरिने, सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं कर छली नियन्त्रण सम्बन्धी कार्यमा संलग्न जनशक्तिहरूको क्षमता विकास गरिने, दुवै पक्षले सूचना आदान प्रदान कार्यलाई व्यवस्थित गर्न आ-आफनो निकायमा सम्पर्क व्यक्ति तोकिनेलगायतका विषय उल्लेख छ ।

आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा विभागका उपमहानिर्देशकहरू राममणि दुवाडी, विष्णुप्रसाद नेपाल, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ का प्रमुख कर प्रशासक चन्द्रकला पौडेल, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का प्रमुख कर प्रशासक अर्जुनप्रसाद पोखेल, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका उपमहानिर्देशकहरू राजेन्द्रकुमार पौडेल, ज्ञानेन्द्र पौडेल, निर्देशक कालिप्रसाद पोखेल, आन्तरिक राजस्व विभागका निर्देशकहरू पदमकुमार श्रेष्ठ, खिमबहादुर कुँवर, मोहनप्रसाद वाग्लेलगायतको उपस्थिति थियो ।

# अशोक लेलैन्डको औपचारिक कारोबार सुरू




काठमाडौं । आइएमई समूहअन्तर्गतको एलटी इन्टरप्राइजेजले गोंगबु, नयाँ बसपार्कमा रहेको अशोक लेलैन्डको अत्याधुनिक सुविधासम्पन्न सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ । ३५ हजार वर्गफिटमा अवस्थित सर्भिस सेन्टर उद्घाटन आइएमई ग्रुपका कार्यकारी अध्यक्ष चन्द्रप्रसाद ढकाल, कार्यकारी निर्देशक हेमराज ढकाल, अशोक लेलैन्डका प्रबन्ध निर्देशक विनोद के देसारी र ग्लोबल सेल्स तथा डिस्ट्रिब्युसनका प्रेसिडेन्ट राजीव सहारियाले संयुक्त रूपमा गरेका हुन् ।

नेपालका लागि अधिकृत विक्रेताका रूपमा आइएमई ग्रुपअन्तर्गतको एलटी इन्टरप्राइजेजले अशोक लेलैन्डका उत्पादन नेपालमा बिक्री गर्दै आएको छ । कम्पनीले नेपालभरका आफ्ना सर्भिस सेन्टर तथा आधिकारिक सर्भिस सेन्टर र स्पेयर पार्ट्स आउटलेटमार्फत सर्वसुलभ रूपमा बिक्रीपछिको सेवा उपलब्ध गराउँदै आएको बताएको छ ।

अशोक लेलैण्डले १.५ टन क्षमताका साना पिकअप, सात सिट क्षमताको एमपिभीदेखि लिएर ४९ टन क्षमतासम्मका ठूला ट्रेक्टर-ट्रेलर र ५०/६० सिट क्षमताका बस, टिप्पर ट्रक निर्माण गरी विश्वभर बिक्री गर्दै आएको कम्पनीले जनाएको छ ।

कार्यक्रममा आइएमईका कार्यकारी अध्यक्ष चन्द्रप्रसाद ढकालले सोरूमबाट अशोक लेलैण्डले उत्पादन गर्ने सबै प्रकारका गाडी बिक्री गरिने जानकारी दिए । उनले अशोक लेलैण्ड गाडी बिक्री र त्यसपछिका सेवा उपलब्ध गराउन मुलुकभरका प्रमुख सहरमा छिट्टै सोरूम स्थापना गर्ने कम्पनीको लक्ष्य रहेको बताए ।

अशोक लेलैन्डका प्रबन्ध निर्देशक विनोद के. देसारीले आइएमई समूहसँगको सहकार्य नयाँ सुरूवात भएको जानकारी दिए । कार्यक्रममा एलटी इन्टरप्राइजेजका प्रमुख कार्यकारी अधिकृत कपिल शिवाकोटीले अशोक लेलैन्डका सबै उत्पादन गुणस्तरीय रहेकामा कम्पनीबाट उत्पादित करिब ५५ प्रकारका गाडी नेपाली बाटोसुहाउँदो रहेकाले नेपालमा आयात गरी बिक्रीवितरण भइरहेको बताए । छिट्टै काठमाडौंमै अर्को सुविधासम्पन्न वर्कसप खोल्ने तयारी भएको उनको भनाइ छ ।

कम्पनीले हाल बिर्तामोड, इटहरी, वीरगन्ज, हेटौंडा, नारायणघाट, नौबिसे, दाङमा सर्भिस सेन्टर सञ्चालनमा ल्याइसकेको छ भने १ वर्षभित्र बुटवल, नेपालगन्ज, सुर्खेत, धनगढी, बनेपा, बर्दिवासमा अत्याधुनिक सर्भिस सेन्टर सञ्चालनको तयारी थालिएको बताएको छ । सन् २००१ मा स्थापना भएको आइएमई ग्रुपले रेमिटेन्स, बैंकिङ तथा इन्स्योरेन्स, अटोमोबाइल्स, इनर्जी (हाइडेल, अद्यौगिक ग्यास), ट्राभल-टुर्स, लजिस्टिक्स, फर्मास्युटिकल्स, आइटी तथा रियल स्टेटलगायत क्षेत्रमा लगानी छ ।




# पर्वतको पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको सहयोग

पर्वत । जिल्लाको पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रले सहयोग गर्ने भएका छन् । पर्यटन बोर्डलगायत जिल्लाका विभिन्न सरोकारवाला निकायको समन्वयमा पर्वतका पर्यटन व्यवसायमा सक्रिय व्यवसायीको संस्था पर्वत पर्यटन प्रवर्द्धन केन्द्रमार्फत पर्यटन प्रवर्द्धन गरिन लागेको हो ।

दुई वर्षअघि जिल्लामा साहसिक खेल बन्जिजम्प सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न सिन्धुपाल्चोकको भोटेकोसी नदीमा स्थलगत अनुगमन गराएको केन्द्रले हाले कालीगण्डकी नदीमा ऱ्याफ्टिङ सञ्चालन गरी पर्वतको पर्यटन सम्भाव्यता अध्ययन अवलोकन गरेको छ ।

संस्थाले जिल्लामा निजी क्षेत्रबाट पर्यटन व्यवसाय सञ्चालन गर्न सकिने सम्भावनालाई लक्षित गरी कालीगण्डकीमा ऱ्याफ्टिङ सञ्चालन गरेको हो ।

पर्वत भई बहने कालीगण्डकी नदीमा अझ बढी पर्यटक भित्र्याउन र जिल्लाको पर्यटन व्यवसायमा सहयोग पुऱ्याउने उद्देश्यले जलयात्रा सञ्चालन गरिएको पर्वत पर्यटन प्रवर्द्धन केन्द्र अध्यक्ष शिव शर्मा पौडेलले जानकारी दिए ।

दुई दिनसम्म सञ्चालन गरिएको जलयात्रामा सहभागी पर्वतका स्थानीय विकास अधिकारी युवराज पौडेलले जिल्लामा रहेका पर्यटकीय स्थल प्रवर्द्धनका लागि सबै एकजुट हुनुपर्ने आवश्यकता औंल्याए ।

'पर्वतलाई पर्यटकीय नगरी बनाउन सबैको सामूहिक प्रयास जरूरी छ,' उनले भने 'छिमेकी जिल्ला कास्कीमा भएको पर्यटन विकास अब पर्वतमा पनि गरिनुपर्छ ।'

ऱ्याफ्टिङमा पर्वतका पर्यटन व्यवसायी, सञ्चारकर्मी, उद्योगी व्यवसायी, सरोकारवाला निकायका प्रतिनिधि, पर्यटन बोर्डमा आबद्ध कर्मचारीलगायत सहभागी थिए ।

पर्वतको कुस्मा नगरपालिका पाङ नयाँपुलबाट सुरु भएको ऱ्याफ्टिङ स्याङ्जाको मिर्मीमा पुगी समापन भएको थियो । करिब ६२ किलोमिटर दूरीको यात्रा विदेशी पर्यटकका लागि ३ दिने प्याकेजमा सञ्चालन गरिँदै आए पनि आन्तरिक पर्यटकका लागि २ दिनमै टुंग्याइएको थियो ।

पोखराबाट सञ्चालन हुँदै आएको ऱ्यापिट रनर कम्पनीमार्फत सञ्चालन भएको जलयात्रामा सहभागी रिभर गाइड पूर्ण गुरूङले १५ वर्षपछि आन्तरिक पर्यटक प्याकेजलाई जलयात्रामा सहभागी गराइएको बताए ।

## खेलकुद

# कोस्टा, टोरेस र माटा युरोकपबाट बाहिर

एजेन्सी । चेल्सीका फरवार्ड डिएगो कोस्टा अर्को महिना पेरिसमा हुने युरोपियन फुटबल च्याम्पियनसिप (युरोकप) का लागि घोषित स्पेनको अन्तिम टोलीमा पर्न असफल भएका छन् । स्पेनका प्रशिक्षक भिसेन्ट डेल बोस्क्युले मंगलबार घोषणा गरेको टोलीमा कोस्टासँगै एट्लेटिको म्याड्रिडका फरवार्ड फर्नान्डो टोरेस र म्यानचेस्टर युनाइटेडका मिडफिल्डर जुवान माटा पनि परेनन् । वायर्न म्युनिखका डिफेन्डर जाभी मार्टिनेज र







आर्सनलका मिडफिल्डर सान्टी कार्जेला पनि स्पेनको टोलीमा नपरेका चर्चित नाम हुन् ।

बोस्क्युले मंगलबार घोषणा गरेको २५ सदस्यीय टोलीमा घरेलु लिग खेल्ने १७ खेलाडी छन् । यस्तै, प्रिमियर लिग खेल्ने ५ खेलाडी टोलीमा परेका छन् । टोलीमा बुन्डेस लिगा, इटालियन सिरिए र पोर्चुगिज लिग खेलिरहेका १-१ खेलाडी समावेश छन् । चेल्सीका फरवार्ड पेड्रो रोड्रिगेजबाहेक चार उदीयमान फरवार्डले टोलीमा स्थान बनाएका छन् ।

साविक विजेता स्पेन युरोकप २०१६ को समूह डीमा छ । समूह डीमा स्पेनले चेक रिपब्लिक, टर्की र क्रोएसियासँग प्रतिस्पर्धा गर्नेछ । आगामी १० जुनबाट फ्रान्समा हुने युरोकपअघि भएका मैत्रीपूर्ण खेलमा स्पेनले जित निकालेको थियो । स्पेनले बोस्निया, दक्षिण अफ्रिका र जर्जियालाई हराएर युरोकपअघि आत्मविश्वास बढाएको छ ।

टोलीमा नपरेपछि कोस्टालाई नमीठो झट्का लागेको छ । त्यसो त कोस्टा पछिल्लो समय फर्ममा फर्कन संघर्षरत छन् । ह्यामस्ट्रिङको समस्याका कारण २७ वर्षीय कोस्टाले चेल्सीबाट पछिल्ला दुई खेल गुमाएका थिए । एट्लेटिको म्याड्रिडलाई ला लिगा जिताएपछि कोस्टा २०१४ मा चेल्सीमा आबद्ध भएका थिए ।

# ओलम्पिकअघि ३१ खेलाडी प्रतिबन्धमा पर्न सक्ने

एजेन्सी । आगामी अगस्टमा ब्राजिलमा हुने रियो ओलम्पिकअघि ३१ भन्दा बढी खेलाडी प्रतिबन्धमा पर्ने सम्भावना छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) का अध्यक्षले विभिन्न ६ खेलका ३१ भन्दा बढी खेलाडी प्रतिबन्धमा पर्न सक्ने खुलासा गरेका हुन् । आइओसीले २००८ को बेइजिङ ओलम्पिकमा भाग लिएका चार सय ५४ खेलाडीको पुनः डोपिङ परीक्षणपछि यस्तो खुलासा भएको हो । आइओसीका अनुसार पुनः डोपिङ परीक्षण नवीनतम वैज्ञानिक प्रविधिमा गरिएको छ । आइओसीले लन्डन ओलम्पिक २०१२ मा सहभागी दुई सय ५० खेलाडीको पनि फेरि डोपिङ परीक्षण गरेको छ ।

'सबै परीक्षण एक शक्तिशाली जाँच हो,' आइओसीका अध्यक्ष थोमस बचले भने, 'प्रतिबन्धित औषधि सेवन गर्नेले आफ्नो दोष कतै लुकाउन सक्दैनन् भन्ने पुष्टि भएको छ । हामीले विगत १० वर्षको नमुना परीक्षण गरेका छौं ।' रियो ओलम्पिकमा प्रतिबन्धित औषधि सेवन गरेका धेरै खेलाडीलाई रोक्नु आइओसीको लक्ष्य भएको अध्यक्ष थोमसको भनाइ छ । उनले ओलम्पिकमा स्वस्थ प्रतिस्पर्धा गराउनु आफूहरूको उद्देश्य भएको बताए । थोमसका अनुसार १२ देशका ओलम्पिक कमिटीलाई खेलाडी प्रतिबन्धमा परेकोबारे छिटै जानकारी गराइनेछ ।

यसअघि रसिया र केन्याले एन्टी डोपिङको नियम पालन नगरेको पुष्टि भएको थियो । एन्टी डोपिङको नियम पालना नगरेको पुष्टि भएपछि रसियालाई अन्तर्राष्ट्रिय प्रतियोगितामाा भाग लिन नपाउने गरी प्रतिबन्ध लगाइएको थियो । वर्ल्ड एन्टी डोपिङ एजेन्सी (वाडा) ले रसियाले डोपिङ नियम उल्लंघन गरेको रिपोर्ट सार्वजनिक गरेपछि प्रतिबन्ध लगाइएको थियो । रसियाले पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन नपाउने गरी गरिएको प्रतिबन्ध स्वीकार गर्दै माफी मागेको थियो । तर, रसियाका खेलमन्त्री मिभाली मुट्कोले रियो ओलम्पिकसम्म पनि प्रतिबन्ध लगाइराख्नु अन्याय भएको बताएका थिए । केन्याका खेलमन्त्री हसन वारियोले पनि रियो ओलम्पिकमा केन्यालाई प्रतिबन्ध नलाग्नेमा ढुक्क भएको बताएका थिए ।

# जुम्लामा ह्विलचेयर बास्केटबल

नेपाल पारा ओलम्पिक कमिटीको आयोजनामा ७-९ जेठसम्म जुम्लामा ह्विलचेयर बास्केटबल प्रतियोगिता हुनेछ । प्रतियोगितामा चार टिमको सहभागिता रहने आयोजक कमिटीका महासचिव कुमार पौडेलले जनाएका छन् । उनका अनुसार प्रतियोगिता सञ्चालन गर्न करिब चार लाख खर्च हुनेछ । दुर्गम भेगमा पनि खेलकुदसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले जुम्लामा प्रतियोगिता आयोजना गर्न लागेको महासचिव पौडेलले बताए ।

# रङ्गीन खबर



## हमालले दिए फेसबुकबाट जवाफ

अभिनेता राजेश हमाल विवाह बन्धनमा बाँधिएको लामो समय भएको छैन । तर, उनको सम्बन्धविच्छेद हुने लाग्यो भन्ने गसिप बन्न थालेको लामै भइसक्यो । यसबारे अहिलेसम्म हमालले केही बताएका थिएनन् । उनी चुप रहेपछि अड्कलबाजी गर्नेलाई थप बल मिलेको थियो । तर, अब यस्ता अड्कलबाजीलाई हमालले जवाफ दिएका छन् । त्यो पनि फेसबुकबाट ।

फेसबुकमा मंगलबार राजेशले पत्नी मधुसहितको फोटोलाई 'कभर पिक' बनाएका छन् । मंगलबार बिहान हमालले फेसबुकमा राखेको फोटोमा साँझसम्म १४ हजारभन्दा धेरैले लाइक हानेका छन् । त्यसमा कमेन्ट गर्नेको संख्या पनि कम छैन । अधिकांशले भने यो तस्बिरलाई सम्बन्धविच्छेदको 'गसिप'लाई कडा जवाफ भएको टिप्पणी गरेका छन् ।

## मिस्टर एन्ड मिस एसएलसीमा ४२ विद्यार्थी

एसएलसीको रिजल्ट कुरिरहेका विद्यार्थीलाई लक्षित गरी मिस्टर एन्ड मिस एसएलसी आइकन २०१६ आयोजना भइरहेको छ ।

विगत तीन वर्षदेखि आयोजना हुँदै आएको सो प्रतियोगिताको आयोजक संस्थाले सहभागीलाई विशेष छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । यस वर्षको प्रतियोगिता पनि त्यसैको निरन्तरता भएको आयोजक संस्थाका प्रबन्ध निर्देशक लबबहादुर कार्कीले जानकारी दिएका छन् । उनका अनुसार प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यार्थीलाई उनीहरूको रोजाइअनुसार साइन्स, मेनेजमेन्ट र आर्टस्को ब्रिज कोर्समा पूर्ण छात्रवृत्ति प्रदान गरिनुका साथै रोजाइअनुसार नै सम्बन्धित विषयको कलेजमा समेत छात्रवृत्ति दिलाइनेछ ।

२५ छात्रा र १७ छात्र अन्तिम प्रतिस्पर्धामा पुगेको प्रतियोगिताले विद्यार्थीलाई व्यक्तित्व विकास, सामाजिक उत्तरदायित्व र भविष्यप्रति सचेत गराउन सहयोग गर्ने दाबी आयोजक संस्थाको छ । आश्विनी झाले कोरियोग्राफी गरिरहेको प्रतियोगिताको फाइनल २१ जेठमा राजधानीमा हुनेछ ।

## गायन र संगीतमा जम्दै चिरञ्जीवी

०६४ सालदेखि संगीतमा सक्रिय गायक, संगीतकार चिरञ्जीवी भण्डारी अचेल स्टेज प्रोग्राममा समेत उत्तिकै व्यस्त हुने गरेका छन् । ०६९ मा पहिलो एल्बम 'माया पिरती' सार्वजनिक गरेका उनले बुटवलको बागेश्वरी संगीतालयमा चार वर्ष संगीत सिकेका हुन् ।



गायन, संगीत तथा रचनामा पनि दख्खल राख्ने चिरञ्जीवी आफ्नो पहिलो एल्बमका 'आऊ माया लाम' र 'मेरै भर पर' बोलका दुई गीतले आफूलाई गायकका रुपमा स्थापित गरेको दाबी गर्छन् । 'पहिलो एल्बमका दुई गीतले मलाई गायकका रुपमा परिचित गरायो,' उनी भन्छन्, 'त्यसपछि म निरन्तर व्यस्त छु । पछाडि फर्किएर हेर्नुपरेको छैन ।'

केही समयअघि उनले मेरै भर पर बोलको गीतको भिडियो सार्वजनिक गरे । अनु शाह र मुकेश आचार्यले अभिनय गरेको सो भिडियो अहिले चर्चामा छ । थुप्रै कलेक्सन एल्बममा पनि स्वर, संगीत दिएका चिरञ्जीवी संगीतमै जीवन समर्पण गरेको बताउँछन् । उनी कुशल संगीतकारका रुपमा समेत स्थापित हुँदै गइरहेका छन् । गीतकार शंकरदेवको 'सान्नानी' नामक एल्बमका पाँच गीतमा स्वर र ६ गीतमा उनको संगीत छ ।

## पूजाको नजर बजारमा

नवोदित गायिका पूजा सुनुवार आफ्नो एकल एल्बम 'नजर'का साथ श्रोतामाझ आएकी छिन् ।

पूजाको एल्बममा भर्खरै पो थाहा पँए, नसम्फी बसुँ, निष्ठुरी त तिमी भयौलगायत बोलका चारवटा लोकआधुनिक गीत छन् । आफ्नो एल्बमका गीतले प्रेम, विछोड र देशभक्ति भाव प्रस्तुत गरेको उनी बताउँछिन् ।

एल्बमका गीत डिपी खनालले लेखेका हुन् भने शंकर थापा 'स्माइल'को संगीत छ । एल्बममा समावेश नसम्फी बसुँ बोलको एउटा गीतको भिडियो पनि निर्माण गरिएको उनले बताएकी छिन् । सो भिडियोमा वर्षा राउत र रोबिन विष्टले अभिनय गरेका छन् ।

## आयो गाजलुको मुस्कुराउनुको कथा



अभिनेता अनमोल केसी अभिनीत चौथो फिल्म गाजलुको मुस्कुराउनुको कथा बोलको प्रेमभावपूर्ण गीत सार्वजनिक गरिएको छ । २८ जेठमा रिलिज हुन लागेको 'गाजलु'अघि अनमोलका 'होस्टेल', 'जेरी' र 'ड्रिम्स' हिट भइसकेका छन् ।

रोहित अधिकारीले हेमराज बिसीको निर्देशनमा निर्माण गरेको गाजलुमा कुमारीको कथा प्रस्तुत गरिएको छ । यो पूर्वमिस नेपाल सृष्टि श्रेष्ठको डेब्यु फिल्म हो । फिल्ममा अनमोल र सृष्टिका साथमा सलोन बस्नेत, मेनुका प्रधान, विश्व बस्नेत, गौरी मल्ल, गौरव पहाडीलगायतले अभिनय गरेका छन् ।

## नेपाललाई पुरस्कार



चार दशकभन्दा बढी समय लेखन तथा पत्रकारितामा बिताएका वरिष्ठ पत्रकार किशोर नेपाललाई महानन्द सापकोटा पुरस्कारबाट सम्मानित गरिएको छ । यो पुरस्कार भाषाशास्त्री महानन्द सापकोटाको स्मृतिमा स्थापना गरिएको हो । नेपालले नेपाली साहित्यमा पुऱ्याएको योगदानको सम्मान गर्दै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज डलास च्याप्टरले यो वर्षको पुरस्कार नेपाललाई दिने निर्णय गरेको हो ।

राजधानीमा आयोजित एक कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले नेपाललाई पुरस्कार प्रदान गरे । कार्यक्रममा बोल्दै नेपालले महानन्द सापकोटासँग जोडिएको पुरस्कारबाट आफू सम्मानित हुँदा गौरवान्वित महसुस भएको बताए । कार्यक्रममा कलाकार सुनील पोखरेलले पनि नेपालमाथि बोलेका थिए ।

# कर्पोरेट

## एनएमबीको खुद मुनाफा ८३ प्रतिशतभन्दा बढी

एनएमबी बैंकले चालू आव ०७२/७३ को तेस्रो त्रैमासिक वित्तीय विवरण प्रकाशित गरेको छ । वित्तीय विवरणअनुसार बैंकले चैत मसान्तसम्म त्रैमासिकभन्दा खुद मुनाफा ३५ करोड ८३ प्रतिशत वृद्धि गरी ७७ करोड ११ लाख भएको जनाएको छ ।

बैंकले तेस्रो त्रैमासिकसम्म कर्जा र निक्षेपमा क्रमशः ५ अर्ब ७० करोड र ५ अर्ब वृद्धि भई कुल ४९ अर्ब ७५ करोड र ५७ अर्ब ४५ करोड पुगेको बताएको छ । हाल बैंकका ६८ शाखा, ७ एक्स्टेन्सन काउन्टर र ४८ एटिएम सञ्जाल छन् ।

## धनकुटामा माछापुच्छ्रे बैंकको एटिएम

माछापुच्छ्रे बैंकले धनकुटाको हिलेमा एटिएम सेवा सञ्चालनमा ल्याएको छ । हिलेसहित बैंकका एटिएम सञ्जाल ७२ पुगेका छन् ।

एटिएम बुथ स्थापनापछि हिलेका स्थानीयलाई सहज रुपमा बैंकिङ सेवा प्राप्त गर्न सक्ने विश्वास बैंकले लिएको छ ।

३ अर्ब ३३ करोड चुक्ता पुँजीको बैंकले ०७२ चैत मसान्तसम्म ४८ अर्ब ४३ करोड निक्षेप परिचालन गरी ४० अर्ब ८१ करोड कर्जा प्रवाह गरेको छ भने सोही अवधिमा ६२ करोड ४२ लाख खुद मुनाफा आर्जन गरेको जनाएको छ ।

## जनता बैंक-क्लियरिङ हाउस सम्झौता

जनता बैंक नेपालले नेपाल क्लियरिङ हाउससँग अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवा सम्झौतामा हस्ताक्षर गरेको छ ।

सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत कुमार लम्साल र क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि क्लियरिङ हाउसले बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी सेवा सञ्चालन प्रणाली उपलब्ध गराउनेछ ।

## सेञ्चुरी-ट्रान्स-फास्ट रेमिट रेमिट्यान्स सम्झौता

सेञ्चुरी कमर्सियल बैंक र ट्रान्स-फास्ट रेमिटबीच रेमिट्यान्स सम्झौता भएको छ । सम्झौतापछि बैंकका सम्पूर्ण शाखा कार्यालय वा एजेन्टबाट ट्रान्स-फास्ट रेमिट्बाट पठाएको रकम ग्राहकले भुक्तानी लिन सक्नेछन् ।

हाल बैंकका ३१ शाखा, २८ एटिएम, ८ शाखारहित बैंकिङ र २ एक्स्टेन्सन काउन्टर सञ्चालनमा छन् ।

## चापाकोटमा गरिमाको शाखा

मुख्य कार्यालय पोखरामा रहेको गरिमा विकास बैंकले स्याङ्जाको चापाकोटमा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । चापाकोटसहित बैंकका सञ्जाल २६ पुगेका छन् । शाखा उद्घाटन राष्ट्र बैंकका निर्देशक चिरञ्जीवी चापागाईंले गरेका हुन् ।

बैंकले चापाकोट शाखामार्फत स्थानीयलाई अत्याधुनिक बैंकिङ सेवा प्रवाह गरिने जनाएको छ ।

काठमाडौंको गोंगबु र नवलपरासीको बर्दघाटमा पनि शाखा विस्तारको तयारी अन्तिम चरणमा पुगेको बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले बताए ।

## नेपाल एसबिआईको ५ करोड सहयोग

नेपाल एसबिआइ बैंकले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५ करोड २१ लाख रुपैयाँ सहयोग गरेको छ । बैंक अधिकारीले प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई आइतबार सहयोग रकमको चेक हस्तान्तरण गरेका हुन् ।

बैंक सिइओ मुकुल भट्नागरले भूकम्पपछिको पुनर्निर्माण तथा दैवीप्रकोपमा परेका नेपालीलाई सहयोग गर्न रकम उपलब्ध गराइएको बताए ।

प्रधानमन्त्री ओलीले बैंकबाट प्राप्त सहयोग रकम लक्षित वर्गमा खर्च गरिने बताएको बैंकले जनाएको छ ।

## ओमको नाफा १४ करोड १० लाख

ओम डेभलपमेन्ट बैंकले यो वर्षको त्रैमासिकसम्म १४ करोड १० लाख रुपैयाँ नाफा आर्जन गरेको छ । गत चैतदेखि साविक ओम फाइनान्स र सिटी डिभेलपमेन्ट बैंक एकआपसमा गाभिएर ओम डेभलपमेन्ट बैंक भएको थियो । हाल बैंकले २५ शाखामार्फत बैंकिङ सेवा दिँदै आइरहेको छ । हाल बैंकको चुक्ता पुँजी १ अर्ब ५ करोड, निक्षेप १० अर्ब ९२ करोड, कर्जा ९ अर्ब ८ करोड रुपैयाँ छ । बैंकले भूकम्पपीडित आवास कर्जा, युवासँग ओम र ओम सहुलियत कर्जालगायत सेवा सञ्चालन गर्दै आएको जनाएको छ ।

## वर्तमान...

घण्टाभन्दा बढी पूजापाठ गरेका थिए । एक फर्म हाउस होमस्टेमा खाना खाएपछि अपरान्ह सात किलोमिटर तल रहेको सदरमुकाम विदुरस्थित रूद्रेश्वर महादेव मन्दिरमा समेत पुगी उनले पूजापाठ गरे लगत्तै उनी पुरानो बट्टार बजारबाट डेढ घण्टा पैदल हिँडेर राम मन्दिरमा समेत पुगेका थिए । त्यहाँ स्थानीय जनताले पूर्वराजालाई फूलमालाले स्वागत गर्नुका साथै 'राजा आऊ देश बचाउ'को नारा लगाएका थिए । स्थानीयसँग कुराकानी गर्दै पूर्वराजाले आफू अहिलेको अवस्था देखेर चिन्तत रहेको बताएका थिए । २०५८ मा राजा भएकै बेला उनले शाहवंशीय परम्परालाई निरन्तरता दिँदै नुवाकोट भ्रमण गरेर उनले त्यहाँको मन्दिरमा पुजापाठ गरेका थिए ।

पूर्वराजा नुवाकोटको भैरवी आउने खबर पाएपछि भूकम्पले ध्वस्त भएको मन्दिर स्थानीयले सफाइ गरेका थिए । पूर्वराजाले भैरवी मन्दिरसँगै रहेको सातत्ले दरबार र राष्ट्रिय संग्रहालयको समेत अवलोकन गरेका थिए । यसैबीच पूर्वराजा ज्ञानेन्द्र शाहले देश अस्थिरतातर्फ गएकाले आफू चिन्तित भएको बताउँदै उनले भने देशको वर्तमान परिस्थिति तपाईं हामी सबैलाई थाहा भएको बताए । 'देशमा शान्ति आउनु पर्‍यो, जनताले सुख पाउनु पर्‍यो भन्दै देशमा फेरि शान्ति आओस् भन्ने मेरो कामना छ' पत्रकारहरूसँगको भेटमा पूर्वराजाले भने ।

पूर्वराजाका निजी सचिव सागर तिमिल्सिनाले नुवाकोटको प्रमुख मन्दिर भैरवीमा पूजापाठ गर्ने योजना पूर्वराजाको रहेकाले तिथि मिलाएर आज (जेठ १ गते) नुवाकोट आएको बताएका थिए । पूर्वराजा आफैंले गाडी चलाएर नुवाकोट आएका र सोही दिन साँझ पाँच बजे काठमाडौं फर्किएका थिए । यसरी पूर्वराजाले समेत देशको अवस्था देखेर चिन्ति भएको बताएपछि नुवाकोटका स्थानीय जनताले फेरि राजा नै आउनु पर्ने भन्दै पूर्वराजालाई आ-आफ्नो गुनासो पोख्दै भूकम्पले आफूहरूलाई बाँच्न मुस्किल पारेको भन्दै हालसम्म सरकारले समेत आफूहरूलाई उचित व्यवस्थापन नगरिदिएको गुनासो पोखेका थिए ।

## असफल...

सशांक कोइरालाले भनेको छन्- मधेसी समुदायका मागहरूलाई संबोधन गर्नेपर्छ । शान्ति, स्थिरता र संविधानको कार्यान्वयन गर्ने हो भने पनि संविधानमा संघीयता, धर्मनिरपेक्षतासहितका मुद्दामा ठूले संशोधनको आवश्यकता भइसकेको छ । यता संघीय फोरमका अध्यक्ष उपेन्द्र यादवले जोडदार रूपमा माग गरेका छन्- यो संविधान संशोधन होइन, पुनर्लेखन नै गर्नुपर्छ । यसका लागि कमल थापाको नेतृत्वको समितिसँग होइन, सिधा केपी ओली, प्रचण्ड र देउवासँगमात्र वार्ता गरिनेछ । अरू कसैसँग वार्ता गर्न हामी तैयार छैनौं ।

७ महिना लामो मधेस आन्दोलनले राजनीतिक परिवर्तन, संविधानको कार्यान्वयनलाई गम्भीर मोडमा उभ्याइदिएको छ । अर्को राजनीतिक परिवर्तनको ढोका घचघच्याएका छन् । संघीय गठबन्धनलाई साथमा नलिईकन अव संविधान, शान्ति र संघीयता भन्ने सवाल धेरै परको कुरा हुनपुगेको छ ।

हुन पनि मधेसी मोर्चाले ३६ पटक वार्ता गर्दा पनि प्रधानमन्त्री केपी ओलीले मोर्चाका नेताहरूलाई हल्लाएमात्र । निष्कर्ष निकाल्ने वार्ता गर्दै गरेनन् । यसैबीच आन्दोलनका क्रममा ५६जनाको ज्यानसमेत गइसक्यो । मधेसी शक्तिलाई तुच्छ सम्झने ओलीको चरित्रले देशलाई ठूलै संकटको भूमरीमा हेलिदिएको छ । कांग्रेसका सभापति शेरबहादुर देउवाले मधेसका समस्या समाधान गर्न नेतृत्व लिन्छु भनेका थिए, उनले पनि नेतृत्व लिनका लागि सक्रियता देखाएका छैनन् ।

संघीय गठबन्धनको राजधानी केन्द्रित आन्दोलनको नेतृत्व राजेन्द्र महतो, उपेन्द्र यादव, महन्थ ठाकुर, महेन्द्र यादव, शरदसिंह भण्डारी, अनिल झा, राजकिशोर यादवले सम्हालेका छन् । आन्दोलनकारीको सिधा आक्रोस छ- हामी संविधान मान्दैनौं । आन्दोलनको राप र ताप सहन गर्न नसकेका प्रधानमन्त्री ओलीले बर्बर दमन सुरु गरिसकेका छन् । यसैबीच मातृका यादव र संयुक्त मधेसी राष्ट्रिय आन्दोलनका नेता गोपाल ठाकुरले समेत २९ दलीय आन्दोलनलाई समर्थन गरेका छन् । आन्दोलन विस्तारै हिंसात्मक मोडतिर लागेको देखिदैछ ।

आन्दोलनकारीले आन्दोलन अधिकार प्राप्तिका लागि हो भनेर सम्बन्धित जनतालाई बुझाउन सफल भएको देखिन्छ ।

## सरकारले...

देशैभरि रेल कुदाउने सपना देखाएका प्रधानमन्त्री केपी ओलीले अव हिन्द महासागर र प्रशान्तमहासागरमा पानीजहाज गुड्नेछन् भनेर नयाँ सगुफा छाडेका छन् । मदन आश्रितको सम्भना गर्ने र तिनलाई श्रद्धाञ्जली दिने सभामा एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीको यस्तो भाषण सुन्ने एमालेका कार्यकर्ताहरूले ताली बजाए, आमजनता र बुद्धिजीवीहरूले कस्तो हावादारी भाषण गरेको भनेर तीव्र आलोचना गरेका छन् ।

०४६ सालको आन्दोलनताका राजालाई असफल पार्न तत्कालीन एमालेकै महासचिव माधवकुमार नेपालले विश्ववैंकलाई पत्र लेखेर अरूण आयोजनामा लगानी नगर्न आग्रह गरेका थिए । फलतः आजसम्म पनि अरूण बगिरहेको छ, तर विजुली निकाल्ने योजना सपनामै सिमित हुनपुगेको छ । तिनै माधवकुमार नेपालले महाकाली सन्धि पारित भएपछि भनेका थिए- स्याटेलाइटबाट विजुली बेचिनेछ ।

लाग्छ, एमालेभित्र हावादारी भाषण गर्ने नेताहरूलाई विश्वास गर्ने गरिन्छ । हावादारी कुरा गर्नेहरूकै राज छ । खुला राजनीतिक स्थितिमा पनि एमालेका होनहार कार्यकर्ताहरूले यस्तो हावादारी कुरा गर्नेलाई कसरी पार्टीको कमाण्ड दिइरहेका होलान् ?

## पुग्ला त...

ढुंगा मिसाएर र एमाओवादीले चमलामा भुस मिसाएर बचेको परिणाम आज उनीहरूले नै वकालत गरेको गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता संकटमा पुगेको छ । गणतन्त्र र प्रजातन्त्रको ठेकेदार मान्दै गणतन्त्र र प्रजातन्त्रको उपहास गर्ने ती शक्तिलाई चुनौती दिन पनि पूर्वपञ्चहरूको एकता अनिवार्य रहेको लोहनीले बताएका थिए ।

राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष समेत रहेका नवराज सुवेदीले आफूहरू कहिल्यै पनि गणतन्त्रवादी हुन नसक्ने भएकाले राप्रपा नेपाल, राप्रपा र छरिएर रहेका पूर्वपञ्चहरूको एउटै पार्टी हुनुपर्ने बताउँदै उनले सत्ताबाहिर रहदा संवैधानिक राजतन्त्र, हिन्दूधर्म र स्वयत्त शासन भन्ने अनि सत्तामा पुगेपछि गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको ठेकेदार बन्ने प्रवृत्तिसँग सचेत रहन सबैलाई आग्रह गरेका थिए ।

सोही कार्यक्रममा बोल्दै पूर्वमन्त्री बालाराम घर्तीमगरले राष्ट्रियताको संरक्षणका लागि पनि हिन्दूधर्म र राजतन्त्र अपरिहार्य रहेको बताउँदै पूर्वपञ्चहरूलाई एक बनाउन लागि पर्नुपर्ने भनाई राखेका थिए । पूर्वमन्त्री हरिबहादुर बस्नेतले तीन दलका कारण मुलुक राजनीति, सुरक्षा र आर्थिक रूपम तहसनहस हुन लागेकाले त्यसबाट मुलुकलाई जोगाउनको लागि पनि पूर्वपञ्चहरू एक हुनुपर्ने बताएका थिए । सो समारोहलाई सम्बोधन गर्दै सामानान्तर राप्रपाका अध्यक्ष गणेश शेरचनले संवैधानिक राजतन्त्रविना राष्ट्रियताको संरक्षण हुननसक्ने ठोकुवा गरेपनि अहिलेकै अवस्थामा पूर्वपञ्चहरूको पार्टी एकीकरण हुने सम्भावना ज्यादै न्यून देखिएको छ । पूर्वपञ्चहरूको पार्टी एक हुनु भनेको भ्यागुताको धार्नी पुग्नु जस्तै हो, त्यो ज्यादै कठीन छ ।

## सहयोग रोक्ने...

कर्मचारीले लगाएका छन् ।

मन्त्रालयले प्रोजेक्ट प्रमुख सहसचिव रामचन्द्र श्रेष्ठलाई समेत हटाएर पवनकुमार श्रेष्ठलाई पठाउन लागेको छ । मन्त्रालयका एक अधिकारीले यस्तो प्रवृत्ति नरोके सहयोग रोक्ने चेतावनी विश्व बैंकले दिएको दाबी गरे । मन्त्रालयका सचिव महेन्द्रबहादुर गुरूङले सरूवाप्रति विश्व बैंकले असन्तुष्टि जनाएको कुरा आफूले पनि सुनेको बताए । तर, त्यसबारे औपचारिक जानकारी केही नआएको उनले बताए । सरकारको काममा विश्व बैंकले कुनै दखल नपुग्याउने उनको दाबी छ ।

गत १५ जुलाई २०१४ मा नेपाल सरकार र विश्व बैंकका प्रतिनिधिबीच सो परियोजना सञ्चालन गर्न वित्तीय सम्झौता भएको थियो । सरकारका तर्फबाट अर्थ मन्त्रालयले विश्व बैंकसंग गरेको सम्झौताअनुसार परियोजना अवधिभर परियोजना प्रमुख, संयोजकलगायतका मह□पूर्ण कर्मचारीको सरुवा गर्न पाइँदैन । त्यस्तो सम्झौतापछि विश्व बैंकले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तत्कालीन सचिव शान्तबहादुर श्रेष्ठसँग पनि परियोजनाका महत्वपूर्ण कर्मचारी नहटाउने सम्बन्धमा सम्झौता गरेको थियो । परियोजना अवधि १५ जुलाइ २०१९ सम्म रहेको छ ।

संघीय मामिला एवं स्थानीय विकासमन्त्री कमल थापाको सचिवालयले कर्मचारी सरूवाका लागि पैसाको बार्गेनिङ गर्न थालेको गुनासो बढेको छ । जिल्ला विकास समिति र नगरपालिकाहरूमा कर्मचारी पठाउन मन्त्रीको सचिवालयले पैसाको मोलमोलाइ थालेको कर्मचारीहरूको गुनासो गरेका छन् । जिविसका स्थानीय विकास अधिकारी र नगरपालिकाका कार्यकारी अधिकृतको पद आकर्षक र बढी कमाइ हुने पदका रूपमा लिइन्छ ।

मन्त्रालय स्रोतका अनुसार पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृतमा सचिवालयले मोलमोलाइ गरिरहेको छ । सरूवाको सिजन नभए पनि आकर्षक मानिएका जिविस र नगरपालिकाका भण्डै २० वटा निकायका स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृत फेरबदल गर्न गृहकार्यमा मन्त्रालय जुटेको छ । सचिवालयले मन्त्री थापाको निर्देशन भन्दै २० भन्दा बढी निकायमा कर्मचारी फेरबदल गर्न मन्त्रालयका सचिव महेन्द्रबहादुर गुरूङलाई चर्को दबाब दिन थालेको छ ।

मन्त्रालयका अनुसार पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृत बन्न उपसचिवहरूको दौडधुप बढेको छ । केही उपसचिव राजनीतिक पहुँचका आधारमा त्यहाँ जान नेताका निवाससमेत धाउन थालेका छन् । पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारी सहसचिवमा बढुवा भएर राजधानी आएपछि त्यहाँ पद खाली भएको हो ।

## पर्दा पछाडिबाट...

एमाओवादीको पुरानो नीतिका कारण आन्दोलनमा सहभागी हुनुपर्ने बाध्यता रहेको छ । पार्टीका नेताहरूले अध्यक्षलाई आन्दोलनमा सहभागी हुनुपर्ने बताएपछि दाहालले आन्दोलनमा सहभागी भएका नेता तथा कायकर्तालाई कारबाही गर्ने धम्की र चेतावनी दिएपनि नेता तथा कार्यकर्ता आन्दोलनमा सहभागी भएका छन् ।

एमाओवादीको स्थायी समिति सदस्य गोपाल किराँती आफैं आन्दोलनमा सहभागी छन् । उनले संविधान अपुरो भएकाले त्यसलाई पूर्ण बनाउन पनि हामीहरू आन्दोलनमा गएको बताएका छन् । आफू प्रत्यक्ष रूपमा आन्दोलनमा सहभागी नभएको बताएपनि उनी सिंहदरबार घेराउ कार्यक्रममा किराँत संघर्ष समितिका संयोजक रहेका हुनाले उनले आफ्ना कार्यकर्ताहरूलाई आन्दोलनमा पठाएका थिए । २०६६ सालमा पुष्पकमल दाहालले प्रधानमन्त्रीबाट राजिनामा दिएपछि एमाओवादीले आन्दोलन गर्न सबै पक्षलाई समेटेर बनाएको किराँत संघर्ष समिति अहिले पनि आन्दोलनमा रहेको छ ।

उक्त समितिमा संघीय समाजवादी फेरम, मोहन वैद्य नेतृत्वको माओवादी र एमाओवादीसहितका नेता तथा कार्यकर्ताहरू सहभागी रहेका छन् । अहिले २८ वटा संगठन संविधान पुनर्लेखनवादी छन् । हामी संशोधनवादी हौं, गोपाल किराँतीले भने । मैले संगठनको अध्यक्ष बन्न अशोक राईलाई भने पनि साथीहरूले आफैंलाई बन्न भनेकाले स्वीकार गरेको बताउँदै आफू आन्दोलनमा सहभागी भइरहने बतएका छन् । यसरी सत्तामा रहँदा रहँदै पनि मधेसवादी दलहरूले गरेको आन्दोलनमा सहभागी भएको एमाओवादीले तिनै मधेसी जनतालाई देखाएर सरकारले आन्दोलनलाई साम्य पार्न नसकेको आरोप लगाउँदै ओली नेतृत्वको सरकार ढाल्न सक्ने सम्भावना रहेको एक एमाओवादी नेताले बताएका छन् । त्यसका लागि अध्यक्ष दाहाल नयाँ रणनीति बनाउन लागिपरेको पनि बताएका छन् । यसरी दाहाल फेरि आफैं प्रधानमन्त्री बन्ने दाउमा मधेसवादी दलहरूलाई उचाल्न पुगेका हुन सक्ने अनुमान एमाले नेताहरूले गरेका छन् ।

# वरिष्ठ समाजसेवी प्रधाननको निधन



काठमाडौं । २००० सालमा न्याय सेवामा प्रवेश गरि सरकारी वकिल समेत रहनुभएका त्रैलोक्यबहादुर प्रधानको २०७३ साल वैशाख २५ गते असमायिक निधन भएको छ । उहाँको जन्म १९८२ मा भएको थियो । सरकारी सेवामा रहँदा केही कुरामा मतभेद भई सरकारी सेवाबाट राजिनामा दिनुअघि उहाँले जलेश्वर, डोटी, बारालगायतका अन्य ठाउँमा काम गर्नुभएको थियो ।

न्यायसेवाबाट राजिनामा दिएपछि उहाँले न्यायक्षेत्रमा रही स्वतन्त्र रुपमा वकालत समेत गर्नुभएको र नेपाल बैंकमा सल्लाहाकारको भूमिका समेत निभाउनुभएको थियो ।

पछिल्लो चरणमा उहाँले विरगञ्जमा रहेर २०४७ सालदेखि बृद्धबृद्धाहरूलाई सहयोग पुऱ्याउने उदेश्यले नेपाल प्रौढ संघ समेत सञ्चालन गरेर पौढहरूलाई आवश्यक पर्ने लत्ताकपडालगायत अन्य ओड्ने ओछ्याउने सामानहरू प्रदान गर्नुभएका प्रधानले विरगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र बृक्षारोपण गरि विरगञ्जवासीहरूको मन जित्न सफल हुनुभएका प्रधानले प्रत्येक वर्ष विरगञ्जवसीहरूलाई आँखाको लेन्स निशुल्क वितरण गरि आँखाका रोगीहरूलाई आवश्यक सहयोग पुऱ्याउनुभएको थियो । त्यसैगरी जेष्ठ नागरिकहरूलाई समेत सहयोग पुऱ्याउँदा पुऱ्याउँदै उहाँको असमायिक निधन भएकोमा हामी शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं ।

## बौद्ध सम्मेलनमा...

पदाधिकारी स्रोतले नै भनेको छ । बौद्ध सम्मेलनको नाममा पर्यटन बोर्डले समेत ठूलो खर्च गरेको छ । सबै खर्चहरू पारदर्शी छैनन् । कागजी बिल मिलान गरेर भागबण्डा मिलाउँदै खाने गरिएको आरोप पनि लागेको छ ।

नेपाल भारत सम्बन्ध चिस्सिनु, नेपाल सरकारले भारतलाई समझदारीमा लिन नसक्नुको दुस्प्रभाव बुद्ध सम्मेलन र बुद्ध जयन्तीमा परेको छ । जसका कारणले कुनै पनि विदेशी अग्ला व्यक्तित्व सहभागी नभएका हुन् । १३ मुलुकका ४ हजार विज्ञ, विशेषज्ञ, सरकार र राष्ट्र प्रमुखलाई लुम्बिनी उतार्न सकेका भए बुद्ध नेपालमा जन्मेका हुन् भन्ने विषय संसारभरि फैलिन सक्थ्यो । नेपाल आउन चाहेका अमेरिकी राष्ट्रपति बाराक ओवामा बुद्धका भक्त मानिन्छन् । नेपाल सरकारले पहल गरेको भए ओवामा समेत आउनसक्ने थिए । तर १० करोड स्वाहा हुने भयो, नेपालले चाहेको प्रचारलाई पूर्ण रूपमा हासिल गर्न नसक्ने भयो भन्छन् विश्लेषकहरू ।

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोग व्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार